मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक १२१ • २०८२ साल चैत्र ०६ गते शुक्रबार • Friday 20, March 2026 • सूर्योदय: बिहान ०६:१० बजे • सूर्यास्त: साँझ ०६:१५ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## कांग्रेस सभापतिबाट गगन थापाले दिए राजीनामा

समाचार पृष्ठ ५ मा



## मुआब्जा विवादका कारण
# बर्दिबास–भङ्गहा रेल्वे खण्डको काम ठप्प



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मुआब्जा वितरणमा ढिलाइ भएपछि पूर्व–पश्चिम रेल्वे आयोजना अन्तर्गत बर्दिबास–भङ्गाहा खण्डको निर्माण कार्य ठप्प भएको छ। बर्दिबास नगरपालिका क्षेत्रका १४ जना प्रभावित स्थानीयले मुआब्जा नपाएको भन्दै निर्माण कार्य अवरुद्ध गरेका हुन्। उनीहरूको अवरोधका कारण हाल उक्त खण्डमा निर्माण पूर्ण रूपमा रोकिएको छ।

भारत सरकारको सहयोगमा जयनगर–भङ्गहा रेल सेवा सञ्चालनमा आइसके पनि भङ्गहादेखि बर्दिबाससम्मको विस्तार कार्य भने मुआब्जा विवादका कारण अघि बढ्न सकेको छैन। रणनीतिक रूपमा महत्वपूर्ण मानिएको यो खण्ड स्थानीय असन्तुष्टिका कारण प्रभावित बनेको हो। रेल विभागका अनुसार प्रभावित १४ जनालाई करिब ७ देखि ८ करोड रुपैयाँ मुआब्जा दिन बाँकी छ। उक्त रकम निकासका लागि विभागले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग अनुरोध गरिसकेको जनाएको छ। तर बजेट अभाव र प्रक्रियागत ढिलाइका कारण भुक्तानी हुन नसकेको बताइएको छ।

स्थानीय पीडितहरूले भने लामो समयदेखि मुआब्जाका लागि पहल गर्दै आए पनि सम्बन्धित निकायबाट सुनुवाइ नभएको गुनासो गरेका छन्। एक प्रभावितले भने, 'हामीले पटक–पटक कार्यालय धायौँ, ध्यानाकर्षण गरायौँ। तर कसैले सुनेन। अन्ततः बाध्य भएर काम रोक्नुपर्‍यो।' यसअघि पनि पीडितहरूले पटक–पटक चेतावनी दिँदै आएका थिए। तर समयमै सम्बोधन नभएपछि उनीहरूले निर्माणस्थलमै पुगेर काम अवरुद्ध गरेका हुन्।

रेल विभागले समस्या समाधानका लागि पहल भइरहेको दाबी गरे पनि प्रभावितहरू तत्काल मुआब्जा नपाएसम्म काम अघि बढ्न नदिने अडानमा छन्। यसले आयोजनाको समयसीमा थप लम्बिने र लागत बढ्ने सम्भावना देखिएको छ। देशको दीर्घकालीन यातायात पूर्वाधार विकाससँग जोडिएको महत्वाकांक्षी पूर्व–पश्चिम रेल्वे आयोजनामा देखिएको मुआब्जा समस्या समयमै समाधान हुन नसक्दा आयोजनाको विश्वसनीयता र कार्यान्वयन क्षमतामाथि समेत प्रश्न उठ्न थालेको छ।

सरोकारवालाहरूका अनुसार सरकारले स्थानीयको माग शीघ्र सम्बोधन नगरे अन्य क्षेत्रमा पनि यस्तै समस्या दोहोरिन सक्ने जोखिम बढेको छ।

## आमाको नामबाट नागरिकता वितरण सुरु
# पर्सामा ३३ जनाले पाए नयाँ पहिचान



**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रशासन कार्यालय ले फागुन ५ गतेदेखि हालसम्म आमाको नामबाट ३३ जनालाई नागरिकता प्रदान गरेको जनाएको छ।

नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ मन्त्रिपरिषद्बाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछि बुबाको पहिचान नखुलेका नागरिकलाई आमाको नामबाट नागरिकता दिने व्यवस्था कार्यान्वयनमा आएको हो। कार्यालयका अनुसार आवश्यक मापदण्ड र कागजात पूरा गरेका नागरिकताविहीन व्यक्तिहरूलाई उक्त प्रावधानअनुसार नागरिकता वितरण थालिएको हो। फागुन ५ गतेदेखि प्रक्रिया सुरु भएसँगै योग्य नागरिकहरूले आमाको नामबाट नागरिकता पाउन थालेका छन्। वीरगंज महानगरपालिका–११ का विजयकुमार साहले आमाको नामबाट नागरिकता पाएपछि आफूलाई ठूलो राहत मिलेको बताए।

'धेरै वर्षसम्म नागरिकता बनाउन धाउनुपर्‍यो, अब भने विभिन्न प्रशासनिक झन्झटबाट मुक्ति पाएको महसुस भएको छ,' उनले प्रतिक्रिया दिए।

त्यस्तै वीरगंज महानगरपालिका–१३ का जुबैर अन्सारीले लामो संघर्षपछि नागरिकता प्राप्त गर्न सफल हुँदा ठूलो उपलब्धि हासिल गरेको अनुभूति भएको बताए। 'नागरिकताविहीन हुनु निकै पीडादायी रहेछ, तर आमाको नामबाट नागरिकता पाएपछि अहिले अत्यन्त खुसी लागेको छ,' उनले भने। पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले नियमावली कार्यान्वयनमा आएपछि तोकिएका मापदण्ड पूरा गर्ने नागरिकलाई नागरिकता प्रदान गर्न थालिएको जानकारी दिए।

उनले नागरिकताविहीन भएर अधिकारबाट वञ्चित भएका व्यक्तिहरूका लागि यो व्यवस्था ठूलो राहत भएको उल्लेख गरे।

नयाँ प्रावधान लागू भएसँगै लामो समयदेखि नागरिकता नपाएर समस्यामा परेका नागरिकहरूलाई कानुनी पहिचान दिलाउने प्रक्रिया प्रभावकारी रूपमा अघि बढ्न थालेको छ।

## नारायणी रंगशालाको पुनर्निर्माण सुरु
# जीर्ण प्यारापिट हटाएर नयाँ संरचना निर्माण गरिने



**मधेशदृष्टि**
**वीरगंज।**
लामो समयदेखि जीर्ण अवस्थामा रहेको नारायणी रंगशालाको प्याराफिट पुनर्निर्माण प्रक्रिया बिहीबारदेखि औपचारिक रूपमा सुरु गरिएको छ। मधेश प्रदेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी गुप्ताले एक कार्यक्रमबीच शिलान्यास गर्दै निर्माण कार्यको शुभारम्भ गरेका हुन्। शिलान्यास समारोहमा बोल्दै उनले सम्झौतामा उल्लेखित समयसीमाभित्रै काम सम्पन्न हुने विश्वास व्यक्त गरे। यद्यपि, गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलन तथा हालै सम्पन्न निर्वाचनका कारण निर्माण कार्य केही समय ढिलाइ भएको जनाइएको छ।

सरकारले चालू आर्थिक वर्ष २०८२÷८३ को बजेटमार्फत रंगशालाको पुनर्निर्माणका लागि ४ करोड रुपैयाँ विनियोजन गरेको थियो। सोही बजेटअन्तर्गत ब्लक 'सि' को प्याराफिट निर्माणको जिम्मा काठमाडौंस्थित अन्कुर निर्माण सेवा ले २ करोड १७ लाख ७२ हजार रुपैयाँ (भ्याट बाहेक) मा पाएको छ।

राष्ट्रिय खेलकुद परिषद्का इन्जिनियर शिवचन्द्र यादवका अनुसार तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले नै रंगशाला पुनर्निर्माणका लागि बजेट व्यवस्था गरेको थियो। हाल बजेट निकासा भएपछि निर्माण प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए। अहिले पुराना जीर्ण संरचनाहरू डोजर प्रयोग गरेर भत्काउने काम सुरु भइसकेको छ। पहिलो चरणमा पुराना प्याराफिट हटाएर नयाँ संरचना निर्माण गरिने योजना रहेको छ। पर्सा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दीपक कुमार कानुले रंगशालाको बिग्रँदो अवस्थालाई ध्यानमा राख्दै चरणबद्ध रूपमा पुनर्निर्माण गरिने बताए। करिब ३५ हजार दर्शक क्षमता रहेको नारायणी रंगशाला, दशरथ रंगशाला पछिको दोस्रो ठूलो रंगशालाका रूपमा चिनिन्छ। तर मर्मत अभावका कारण पछिल्ला वर्षहरूमा यसको प्रयोग घट्दै गएको थियो।

स्थानीय खेलप्रेमी र खेलाडीहरूले करिब एक दशकदेखि रंगशालाको पुनर्निर्माणको माग गर्दै आएका थिए। संघीय तथा प्रदेश संसदमा समेत यस विषयमा पटक–पटक आवाज उठाइएको थियो। वि.सं. २०३८ सालमा तत्कालीन अञ्चलाधीश लक्ष्यबहादुर गुरुङ को पहलमा फुटबल मैदान, क्रिकेट मैदान तथा कवर्ड हल निर्माणका लागि १७ बिघा १० कट्ठा जग्गा अधिग्रहण गरिएको थियो। वि.सं. २०४२ मा निर्माण सम्पन्न भएको रंगशालाको उद्घाटन तत्कालीन राजा वीरेन्द्र शाहले गरेका थिए।

एक समय राष्ट्रियस्तरका प्रतियोगिताहरूको केन्द्र बनेको यो रंगशाला लामो समयदेखि उपेक्षाका कारण निष्क्रियजस्तै बनेको थियो। पुनर्निर्माण कार्य सुरु भएसँगै अब यो रंगशाला पुनः सञ्चालनमा आउने अपेक्षा गरिएको छ।

## निर्वाचनमा लज्जास्पद परिणामपछि
# जसपा नेपाल आन्तरिक समीक्षामा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा पराजय भोगेको जनता समाजवादी पार्टी नेपाल आन्तरिक समीक्षामा जुटेको छ।

पार्टीले उक्त निर्वाचनमा एक सिट पनि जित्न नसकेपछि यस्तो अवस्था किन आयो भन्नेबारे शीर्ष नेताहरूबीच गम्भीर छलफल सुरु भएको हो। पार्टीका नेता सुरेन्द्र झाका अनुसार निर्वाचन परिणामपछि पार्टीभित्र गहन समीक्षा प्रक्रिया अघि बढाइएको छ। निर्वाचनपछि पार्टी अध्यक्ष उपेन्द्र यादव स्वयं मधेसका विभिन्न जिल्लामा पुगेर नेता तथा कार्यकर्तासँग प्रत्यक्ष भेटघाट गरेका थिए।

उनले जिल्ला अध्यक्ष, उम्मेदवार तथा कार्यकर्ताहरूसँग पार्टी कमजोर हुनुको कारणबारे छलफल गरेका हुन्। हाल काठमाडौँ फर्किएका अध्यक्ष यादव शीर्ष नेताहरूसँग आन्तरिक छलफलमा जुटेका छन्। छलफलपछि पार्टीको आधिकारिक धारणा सार्वजनिक गरिने नेता झाले जानकारी दिए। पार्टीले निर्वाचनमा भएको असफलतालाई गम्भीर रूपमा लिँदै 'निर्मम समीक्षा' गर्ने जनाएको छ। समीक्षा पश्चात पत्रकार सम्मेलनमार्फत धारणा सार्वजनिक गरिने तयारी छ।

यसअघि संघीय लोकतान्त्रिक मोर्चाको बैठकले चुनावी असफलताको कारणका रूपमा बालेन शाह लाई देखाएको थियो। मधेसको मत बालेनतर्फ गएको निष्कर्ष निकाल्दै मोर्चाले उनको सम्भावित प्रधानमन्त्री बन्ने चर्चाप्रति सकारात्मक प्रतिक्रिया दिएको थियो।

मोर्चाले मधेसको छोरा प्रधानमन्त्री बन्नु मधेसवादी आन्दोलनकै उपलब्धि भएको ठहर गरेको थियो। तर उक्त निष्कर्षप्रति जसपा नेपालका अधिकांश नेताहरूले असन्तुष्टि जनाएका छन्। उक्त बैठक महन्थ ठाकुरको अध्यक्षतामा बसेको थियो।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव स्वयं पनि उक्त निर्णयप्रति सन्तुष्ट नरहेको स्रोतको दाबी छ। पार्टीले छिट्टै केन्द्रीय बैठक बोलाएर आफ्नो औपचारिक धारणा सार्वजनिक गर्ने तयारी गरेको जनाएको छ।

## घरेलु हिंसापीडित महिलासँग सांसदको भेट
# उपचार खर्च बेहोर्ने प्रतिबद्धता

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट पर्सा क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य सुशील कुमार कानु ले घरेलु हिंसामा गम्भीर घाइते भएकी हरिकला देवी सहनी सँग भेटघाट गरेका छन्।

बिहीबार परवानीपुर गाउँपालिका स्थित एलएस न्युरो अस्पतालमा उपचाररत सहनीलाई भेट्दै सांसद कानुले उनको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका हुन्। उनले पीडितमाथि क्रूर आक्रमण गर्ने उनका श्रीमान् विश्वनाथ सहनी लाई यथाशीघ्र पक्राउ गरी कडा कानुनी कारबाही गर्न प्रहरी प्रशासनसँग माग गरेका छन्।

भेटका क्रममा सांसद कानुले पीडितको उपचारमा कुनै कमी हुन नदिने आश्वासन दिँदै सम्पूर्ण उपचार खर्च आफैंले व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरे। 'मेरो तलबबाट होस् वा अन्य माध्यमबाट, उपचारको सम्पूर्ण जिम्मेवारी म लिन्छु,' उनले भने।

घटना हुँदा आफू काठमाडौंमा पार्टीको अभिमुखीकरण कार्यक्रममा रहेको जानकारी दिँदै उनले त्यहीँबाटै पीडितको अवस्थाबारे निरन्तर जानकारी लिएको बताए। 'जानकारी पाउनेबित्तिकै मैले पार्टीका प्रतिनिधिलाई अस्पताल पठाएर अवस्थाबारे बुझ्न लगाएँ, र फर्किएलगत्तै प्रत्यक्ष भेट्न आएको हुँ,' उनले स्पष्ट पारे। यसै क्रममा सांसद कानुले सुदीपराज पाठक, पर्सा प्रहरी प्रमुखसँग पनि घटनाबारे जानकारी लिँदै दोषीलाई छिटो नियन्त्रणमा लिन आग्रह गरेको बताए।

उनले सामान्य पारिवारिक विवादका क्रममा यस्तो अमानवीय घटना हुनु गम्भीर विषय भएको उल्लेख गर्दै दोषीलाई कडा सजाय दिनुपर्नेमा जोड दिए। महिला हिंसा न्यूनीकरणका लागि कानुनी तथा नीतिगत सुधार आवश्यक रहेको उल्लेख गर्दै सांसद कानुले संसद् अधिवेशन सुरु भएपछि यस विषयलाई सदनमा उठाउने प्रतिबद्धता जनाए। साथै, पीडित महिलाको राहत र पुनस्र्थापनाका लागि सरकारसँग पहल गर्ने पनि उनले बताए।

# नैनीतालका नेपाली मजदुर भन्छन्, 'नयाँ सरकारबाट स्वेदशमै रोजगारीको आशा राखेका छौँ'

**शेरबहादुर सिंह**
**नैनीताल ।**



दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिकाका ५२ वर्षीय भवानीप्रसाद रेग्मी बुधबार भारतको उत्तराखण्ड राज्यको पर्यटकीय नगरी नैनीतालमा भारी बोक्दै गरेको अवस्थामा भेटिए । तीन दशकदेखि नैनीतालमा ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएका रेग्मीले हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट बन्ने सरकारले मजदुर वर्गको उत्थान गर्ला कि भन्ने अपेक्षा गरेका रहेछन् । 'हुनेखानेका लागि नैनीताल पर्यटकीय गन्तव्य हो, यहाँ गर्मी छल्न धेरै ठाउँका मानिस आउने गर्छन्,' रेग्मीले भने, 'हामी जस्ता गरिबको गुजारा गर्ने ठाउँ पनि नैनीताल नै हो । जेनजी आन्दोलनपछि मुलुकमा सुशासनका लागि भएको परिर्वतनले देशभित्र रोजगारीका अवसर प्राप्त हुने आशा गरेको छु ।' दिनभरी भारी बोकेर साँझ सात सय भारतीय रुपैयाँ ज्याला पाउने गरेको उनले बताए ।

रेग्मी एक उदाहरण मात्र हुन् । उनीजस्ता धेरै नेपाली मजदुर लामो समयदेखि नैनीतालमा ज्यालादारी गर्दै आएका छन् । उनीहरु अब गठन हुने सरकारले देशमै रोजगारी दिने आशामा छन् । 'युवाले देश चलाउने खबरले खुसी छौँ र युवा पुस्ताले देशभित्रै काम गर्ने वातावरण पाउन् भन्ने आशा छ', दैलेखका ६५ वर्षीय बमबहादुर ठकुरीले भने, 'देशभित्र स्मृद्धिको वातावरण बनाउन सबै पार्टी एकजुट हुनुपर्छ ।' विगत बीस वर्षदेखि नैनीतालमा काम गर्दै आएका ठकुरीले यहाँको आम्दानीले घरखर्च चलिरहेको बताए । 'नैनीताल आउजाउ गर्न थालेको बीस वर्ष भयो', उनले भने, 'नैनीताल क्षेत्रमा मात्रै एक हजार बढी नेपाली ज्याला मजदुरी गर्छन् ।' त्यसैगरी कालीकोटको नरहरिनाथ गाउँपालिकाका ७५ वर्षीय पदमबहादुर विष्ट दैनिकजसो नैनीतालमा फलफूल र तरकारीका भारी बोक्ने गरेका छन् । विष्ट पहिलो पटक ज्याला मजदुरी गर्न २०५२ सालमा नैनीताल पुगेका थिए । हाल उनी कान्छो छोरासहित नैनीतालमा मजदुरी गर्छन् ।

'नेपालमा पनि सामाजिक सुरक्षा भत्ता पाउँछु', विष्टले भने, 'तर त्यही भत्ताले मात्र घर चलाउन पुग्दैन । फलफूलको भारी बोकेर यहाँ पनि दैनिक एक हजार जति कमाइरहेको छु ।' उनले वृद्धावस्थामा घर छाडेर ज्यालादारीमा परदेश आउनु आफ्नो रहर नभएर बाध्यता भएको बताए । नैनीतालको तल्ली र मल्लीताल क्षेत्रमा सामग्री ढुवानीमा ठूला सवारी साधन प्रयोग हुँदैनन् । तोकिएको स्थानमा सामग्री ढुवानी भए पनि ताल वरपरको क्षेत्रमा निर्माण सामग्रीदेखि खाद्यान्न ढुवानीका अधिकांश काम नेपाली मजदुरले गर्छन् । कालीकोट पलाँता गाउँपालिकाका ३० वर्षीय जयबहादुर बुढा मल्ली तालमा नाङ्लो र डोरी लिएर काम खोज्दै हिँडेको अवस्थामा भेटिए । 'कहिलेकाहीँ त ढुवानीका लागि सामान पाउन पनि गाह्रो हुन्छ', उनले भने, 'महिनामा २०÷२२ हजार कमाइ हुन्छ ।' उनले पनि नयाँ बन्ने सरकारले युवाहरुलाई स्वदेशमै रोजगारीको वातावरण बनाइदिनुपर्ने माग गरे ।

यहाँ बाध्यताले मजदुरी गर्न आउने अधिकांशलाई थाहा छ, युवाशक्ति श्रम गर्न भारतलगायत तेस्रो मुलुकमा गएर आफ्नो देशको विकास हुदैन । तर के गर्ने जिविकाका लागि भएपनि देश छोड्नै पर्ने बाध्यताले उनीहरु बर्षौंदेखि दोस्रो या तेस्रो मुलुकमा पसिना बगाउन बाध्य छन् । उनीहरु सबैको एउटै आवाज छ, 'मुलुकको अवस्था परिर्वतनका लागि राज्यले मुलुकभित्रै युवा जनशक्तिलाई रोजगार दिन सक्नुपर्छ ।' रासस

# आर्थिक गणनाका लागि कार्यालय स्थापना




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

राष्ट्रिय आर्थिक गणना २०८२ सञ्चालनका लागि जिल्ला आर्थिक गणना कार्यालय रौतहट स्थापना गरिएको छ । करदाता सेवा कार्यालय परिसरमा आयोजित एक कार्यक्रमबीच जिल्ला स्तरको उक्त कार्यालय स्थापना गरिएको हो । राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत सञ्चालन हुने यस कार्यक्रममार्फत जिल्लाभरका आर्थिक गतिविधिको यथार्थ तथ्याङ्क सङ्कलन गर्ने लक्ष्य लिइएको छ ।

कार्यालय स्थापनासँगै उद्योग, व्यापार, सेवा क्षेत्र तथा रोजगारीसँग सम्बन्धित विस्तृत विवरण संकलन गरिने जनाइएको छ । कार्यक्रमका प्रमुख अतिथि दिनेश सागर भुसालले आर्थिक गणनाले जिल्लाको समग्र आर्थिक अवस्थालाई स्पष्ट पार्ने बताए । उनका अनुसार सङ्कलित तथ्याङ्कले दीर्घकालीन विकास योजना निर्माण तथा नीति तर्जुमामा महत्वपूर्ण आधार प्रदान गर्नेछ ।

त्यसैगरी, तथ्याङ्क अधिकृत सुमन्त यादव ले गणना कार्यका लागि आवश्यक जनशक्ति व्यवस्थापन, तालिम तथा घरदैलोमार्फत तथ्याङ्क सङ्कलन प्रक्रिया चाँडै सुरु गरिने जानकारी दिए । उद्घाटन कार्यक्रममा जिल्ला निर्वाचन कार्यालय रौतहट का प्रमुख छोटेलाल दास, जिल्ला प्रशासन कार्यालयका प्रशासन शाखा प्रमुख रामनरेश साह, लेखापाल ब्रजकिशोर साह, उमेश यादव लगायत सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

आर्थिक गणनाबाट प्राप्त तथ्याङ्कले स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म नीति निर्माण, विकास योजना तथा लगानी प्रवर्द्धनमा महत्वपूर्ण योगदान पु¥याउने विश्वास गरिएको छ ।

# खेलहरुको स्थल निर्देशकको जिम्मेवारी ई. सिंहलाई

**मधेशदृष्टि**
**वीरगंज ।**

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता २०८२ अन्तर्गत वीरगंजमा आयोजना हुने खेलहरूको स्थल निर्देशकको जिम्मेवारी इन्जिनियर मनीष सिंहले पाएका छन् । सिंह पर्सा क्रिकेट संङको अध्यक्ष समेत हुन् । वीरगंजस्थित टिबी साह नारायणी क्रिकेट मैदानमा सञ्चालन हुने खेलहरूको समग्र व्यवस्थापन, समन्वय तथा सञ्चालनमा सिंहको नेतृत्व प्रदान गर्नु पर्नेछ ।

प्रतियोगिताअन्तर्गत वीरगंजमा कुल १९ खेलहरू आयोजना हुनेछन् भने यही मैदानमा आगामी वैशाख १३ गते अन्तिम खेल सम्पन्न हुने तालिका रहेको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) ले आयोजना गर्ने प्रतियोगिता चैत ७ गतेदेखि औपचारिक रूपमा सुरु हुँदै छ । नेपालको प्रमुख घरेलु एक दिवसीय क्रिकेट प्रतियोगिताका रूपमा परिचित यस प्रतियोगिताले देशभरका उत्कृष्ट खेलाडीहरूलाई राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्दै आएको छ ।

यस वर्षको संस्करणमा सात प्रदेशका सातवटा टोली, सहित तीन विभागीय टोलीहरू त्रिभुवन आर्मी क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब र सशस्त्र प्रहरी बल क्लब गरी कुल १० टोलीहरूको सहभागिता रहनेछ । कुल ४६ खेलहरू प्रतियोगिता पूर्ण राउन्ड रोबिन लिग ढाँचामा सञ्चालन हुने निर्देशक सिंहले जानकारी दिएका छन् ।

खेलहरू वीरगंजस्थित टिबी साह नारायणी क्रिकेट मैदानसँगै त्रिभुवन विश्वविद्यालयमा रहेको क्रिकेट मैदान, माथिल्लो मुलपानी क्रिकेट मैदान र राम जानकी अन्तर्राष्ट्रिय क्रिकेट मैदान जनकपुर गरी चार स्थानमा आयोजना गरिने छन् ।

# अपरिचित पुरुष मृत फेला



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरधाम–४ स्थित विश्वकर्मा चौकमा एक अपरिचित पुरुष मृत अवस्थामा फेला परेका छन् । बन्द सटरअगाडि लडेको अवस्थामा भेटिएका ती व्यक्तिको मृत्यु शंकास्पद देखिएपछि जिल्ला प्रहरी कार्यालय धनुषाले घटनास्थललाई घेराबन्दी गरी अनुसन्धान सुरु गरेको छ ।

स्थानीयले बिहानै सडक किनारमा ती व्यक्तिलाई देखेपछि प्रहरीलाई खबर गरेका थिए । त्यसपछि पुगेको प्रहरी टोलीले प्रारम्भिक अनुसन्धान थालेको जनाएको छ । प्रहरीका अनुसार मृतकको पहिचान हालसम्म खुल्न सकेको छैन भने मृत्युको कारणबारे विस्तृत अनुसन्धान भइरहेको छ ।

शवलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि पठाइएको छ ।

# पाँचौँ राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन चैत ८ गतेदेखि

**काठमाडौँ ।**




लघुवित्त कार्यक्रमको उपलब्धि, समस्या र चुनौतीबारे छलफल गर्दै भावी रणनीति तय गर्नका लागि यही चैत ८ र ९ गते काठमाडौँमा पाँचौँ राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन हुने भएको छ । नेपालमा लघुवित्त कार्यक्रम सञ्चालन गर्ने प्रमुख संस्थाको पहल तथा स्वावलम्बन विकास केन्द्रको संयोजनमा हुन गइरहेको सम्मेलनमा नियामक निकाय, नीतिनिर्माता, सरकारी निकायका प्रतिनिधिहरु, लघुवित्त संस्थाका नेतृत्वकर्ता, सञ्चालक, लघुवित्तकर्मी, सेवाग्राही सदस्य गरी ५०० जनाभन्दा बढीको सहभागिता रहने आयोजकले बिहीबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ ।

'उद्यमशीलता फैलाऔँ, युवालाई स्वरोजगार बनाऔँ' भन्ने नारासहित दुई दिनसम्म चल्ने सम्मेलनमा सात वटा सत्रमा लघुवित्तका विविध आयाममा सामूहिक छलफल, अन्तरक्रिया तथा अनुभव आदानप्रदान गर्ने कार्यक्रम छ । सम्मेलनमा 'लघुवित्त सदस्यहरुको अनुभव र उन्नतिबारे मनको कुरा', 'लघुवित्तको वर्तमान अवस्था, चुनौती र अवसर', 'सदस्यको आर्थिक तथा सामाजिक रुपान्तरणमा लघुवित्तको क्रेडिट प्लस कार्यक्रम', 'लघुवित्तमा सकारात्मक सोचको विकास र तनाव व्यवस्थापन', 'लघुवित्तमा प्रविधिको प्रयोग, चुनौती र सावधानीका उपाय', 'युवास्वरोजगार, तीन शून्य क्लब र लघुवित्त' र 'लघुवित्तमा आएको विकृति, विसङ्गति र विचलन नियन्त्रणमा सदस्य, कर्मचारी र संस्थाको भूमिका' विषयमा छलफल हुनेछ ।

विश्वका १७७ वटा देशहरुमा लघुवित्त कार्यक्रम सञ्चालन भएकामा सदस्यहरुको सम्मेलन नेपाल एकमात्र देश रहेको पत्रकार सम्मेलनमा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शङ्करमान श्रेष्ठले बताए । 'लघुवित्तका नीतिनिर्माता तथा नियामकको सहभागितामा विश्व सम्मेलन, क्षेत्रीय तथा राष्ट्रिय सम्मेलन गर्ने प्रचलन छ', उनले भने, 'सदस्यहरुलाई सहभागिता गराई उनीहरुको सम्मेलन गर्ने नेपाल एकमात्र देश हो ।' सदस्यहरु नै लघुवित्तको अभिन्न अङ्ग भएको र उनीहरुलाई केन्द्रविन्दुमा राखी सम्मेलन हुँदै आएको उनको भनाइ छ ।

स्वावलम्बन विकास केन्द्रले २०७३ सालदेखि प्रत्येक दुई–दुई वर्षमा लघुवित्त सदस्य सम्मेलनको आयोजना गर्दै आएको छ । गरिबी निवारण, महिला तथा विपन्न वर्गको आर्थिक तथा सामाजिक विकास, साक्षरता वृद्धि, दिगो विकासजस्ता आर्थिक तथा सामाजिक क्षेत्रमा लघुवित्त वित्तीय संस्थाहरुले भूमिका खेल्दै आएका छन् । लघुवित्तले चुलोचौकोमा सीमित महिलालाई स्वरोजगार बनाएको, महिला साक्षरता बढाएको, बालबालिकालाई विद्यालय पठाउन उत्प्रेरित गरेको र विदेशबाट फर्केका युवा लघुवित्तबाट ऋण लिएर स्वरोजगार बनेकाजस्ता सफल उदाहरणहरु रहेको श्रेष्ठले बताए ।

सरकारले लघुवित्त संस्थालाई कम्पनी मोडलमा रुपान्तरण गरी 'घ' वर्गको वित्तीय संस्था बनाएपछि नाफा कमाउने र लाभांश बाँड्ने होडबाजी चलेको, यसका लागि आवश्यकताभन्दा बढी ऋण दिँदा विकृति बढाएको उनले बताए । अस्वस्थ प्रतिस्पर्धाले समस्या देखिएका भन्दै त्यसलाई सुधार गरेर लघुवित्त कार्यक्रमलाई सदस्यमुखी बनाउनुपर्ने र यसैबाट नेपालको ग्रामीण अर्थतन्त्रले काँचुली फेर्ने उनले दाबी गरे ।

विकासको मुख्य शक्ति युवावर्गमा सिर्जनात्मकता, ऊर्जा, शिक्षा र सीपको ठूलो सम्भावना भए पनि पर्याप्त स्वरोजगार अवसर नहुँदा धेरै युवा वैदेशिक रोजगारीमा जान बाध्य छन् । अब लघुवित्त संस्थाले युवालाई स्वरोजगार बनाउन काम गर्नुपर्ने त्यो लघुवित्त कार्यक्रमका लागि नयाँ आयाम हुने अध्यक्ष श्रेष्ठले बताए । 'अब लघुवित्तहरुले युवालाई लक्षित गरेर आफ्नो कार्यक्रम अघि बढाउन केन्द्रित हुनुपर्छ', उनले भने, 'त्यसैका लागि हामीले यस वर्षको सम्मेलनको नारा पनि युवा उद्यमशिलतामै केन्द्रित गरेका छौं ।'

हाल लघुवित्त वित्तीय संस्था र लघुवित्त कारोबार गर्ने सहकारी संस्थाहरुले नेपालको ७७ वटै जिल्लामा लघुवित्त सेवा प्रदान गरी रहेका छन् । लघुवित्तहरुले वित्तीय सेवाका अलावा 'क्रेडिट प्लस' को सदस्यहरुको आर्थिक तथा सामाजिक विकासका लागि विभिन्न काम गरिरहेका छन् । यस्तै 'थ्री जिरो' अवधारणाअन्तर्गत शून्य गरिबी, शून्य बेरोजगारी र शून्य कार्बन उत्सर्जनको लक्ष्यसहित युवाको क्लब गठन गरी काम गरिरहेको छन् । नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार २०८२ असोजसम्ममा ५२ वटा लघुवित्त वित्तीय संस्थाहरुले देशभर पाँच हजार शाखामार्फत संस्थाले ६२ लाख ८३ हजार सर्वसाधारणलाई लघुवित्त कार्यक्रममा आबद्ध गरेका छन् । जसमध्ये महिलाको संख्या ९५ प्रतिशत छ । सत्ताइस लाख सदस्यहरुले लघुवित्त गर्ने संस्थाबाट ऋण लिएर व्यवसाय गरी रहेका छन् । लघुवित्त गर्ने संस्थाले रु चार खर्ब ९५ अर्बभन्दा बढी कर्जा लगानी पनि गरेका छन् । लघुवित्तबाहेक ५० वटा लघुवित्त सञ्चालन गर्ने सहकारी संस्था पनि क्रियाशील रहेको आयोजकले जानकारी दिएको छ । रासस

# २८ हजार ९०० अमेरिकी डलरसहित तीन पक्राउ

**काठमाडौँ ।**

नेपाल प्रहरीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट अमेरिकी डलर २८ हजार ९०० सहित तीन जना नेपाली नागरिकलाई बिहीबार पक्राउ गरेको छ । पक्राउपर्नेमा काठमाडौँ नार्गाजुन नगरपालिका–१ की ४५ वर्षीया अनिता लामा, सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका–६ की ३८ वर्षीया सङ्गीता लामा तथा सिन्धुपाल्चोक लिशङ्खुपाखर गाउँपालिका–७ का ४७ वर्षीय विनोद लामा रहेका त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक राजकुमार सिलवालले जानकारी दिए ।

उनले भने, 'आज चाइना साउथेनको उडान नम्बर सिजेड ६०६८ द्वारा काठमाडौँबाट चीनको ग्वाङझाउ जान लागेका निज यात्रुलाई विमानस्थलको अन्तरराष्ट्रिय प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियामा शरीर खानतलासी एवं ब्यागेज स्क्रिनिङ गर्ने क्रममा निजहरुले अमेरिकी डलरहरु बाह्य मुलुकतर्फ लैजान लागेको अवस्थामा फेलापरी पक्राउ गरिएको हो ।'

प्रहरीले अनिताका साथबाट अमेरिकी डलर १०० दरको १०० थान गरी १० हजार, सङ्गीता लामाको साथबाट अमेरिकी डलर एक सय दरको १०० थान गरी १० हजार तथा विनोद लामाका साथबाट अमेरिकी डलर एक सय दरको ८९ थान आठ हजार ९०० गरी कुल अमेरिकी डलर २८ हजार ९०० बरामद गरिएको जनाएको छ । पक्राउ परेका तीनै जनालाई आवश्यक अनुसन्धान एवं कानुनी कारबाहीका लागि राजस्व अनुसन्धान विभाग, हरिहरभवन पुल्चोक, ललितपुर बुझाइएको प्रवक्ता सिलवालले बताए । रासस

# नापी कार्यालय धनुषामा टाइमकार्डसहित टोकन प्रणाली लागू

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



नापी कार्यालय धनुषाले सेवाप्रवाहलाई थप व्यवस्थित, छिटो र प्रभावकारी बनाउन टाइमकार्डसहितको टोकन प्रणाली लागू गरेको छ । कार्यालयका अनुसार चैत ४ गतेदेखि लागू गरिएको नयाँ प्रणालीमार्फत अब सेवाग्राहीहरूले कार्यालयमा उपस्थित भएपछि टोकन प्राप्त गर्नेछन् र सोही आधारमा सेवा दिने समय निर्धारण गरिनेछ । पहिलो पटक निवेदन दर्ता गरेपछि दोस्रो भिजिटमा तोकिएको समयअनुसार सेवा उपलब्ध गराइने व्यवस्था गरिएको छ ।

कार्यालय प्रमुख उमेश कुमारले नयाँ प्रणालीले सेवाग्राहीको भीड व्यवस्थापन र समय बचतमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले भने, 'पहिले सेवाग्राहीहरू लामो समयसम्म लाइनमा बस्नुपर्ने बाध्यता थियो । अब टोकन र टाइमकार्ड प्रणाली लागू भएपछि निश्चित समयमा सेवा लिन सक्ने व्यवस्था गरिएको छ ।' उनका अनुसार यस प्रणालीले अनावश्यक भीड घटाउने, पारदर्शिता बढाउने र कर्मचारी तथा सेवाग्राहीबीचको समन्वय सुधार गर्ने अपेक्षा गरिएको छ । 'हामीले सेवाप्रवाहलाई थप सहज, छिटो र व्यवस्थित बनाउन यो प्रणाली लागू गरेका हौं,' उनले थपे ।

कार्यालयले सेवाग्राहीहरूलाई तोकिएको समयअनुसार उपस्थित हुन र आवश्यक कागजातसहित आउन अनुरोध गरेको छ । यसले सेवा वितरण प्रक्रियालाई अझ प्रभावकारी बनाउने विश्वास गरिएको छ । नयाँ प्रणाली लागू भएसँगै सेवाग्राहीहरूबाट सकारात्मक प्रतिक्रिया आउन थालेको कार्यालयले जनाएको छ । लामो समयदेखि सेवा लिन प्रतीक्षा गर्नुपर्ने समस्या समाधान हुने अपेक्षासहित स्थानीयहरूले यस कदमलाई स्वागत गरेका छन् ।

# बुवा मजदुरी गर्न साउदी, नेपालमा छोरी सांसद



**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–१४ धनुषाकी रुबी कुमारीलाई सानैमा बिहेका प्रस्ताव आउन थाल्यो । आफूलाई भन्दा उनका आमाबुबालाई छोरीको बिहे गरिदिन प्रस्ताव गर्दै आफन्त र गाउँलेले दबाब दिन्थे । रुबी सानै भए पनि विद्रोही स्वभावकी थिइन् । बालविवाह गरेर छोरीहरुले भोगेका पीडा उनले प्रत्यक्ष देखेकी थिइन् ।
त्यसमा पनि चर्को दाइजो प्रथाको सिकार भएका परिवारको अवस्था देख्दा उनलाई छटपटी हुन्थ्यो । तर, समाज उस्तै छ । रुबी हुर्किँदै गर्दा बिहेका त्यस्ता प्रस्ताव धेरै आए । यद्यपि रुबीले आमाबुबा समक्ष आफ्नो अडान राखिरहिन्, "पहिले देशको सेवा गर्छु, अनि मात्र बिहे । धेरै पटकको प्रतिवादपछि रुबी बालविवाहबाट जोगिइन् । सिभिल इञ्जिनियरिङमा अध्ययनरत २५ वर्षिया रुबी हालै समानुपातिक तर्फ प्रतिनिधिसभा सदस्य निर्वाचित भएकी छिन् । उनी श्रम संस्कृति पार्टीबाट निर्वाचित भएकी हुन् ।
निर्वाचन आयोगबाट निर्वाचित भएको प्रमाणपत्र लिएपछि उनले भावुक हुँदै भनिन्, मधेसको बालविवाह र दाइजोप्रथा जस्ता कुसंस्कार हटाउनुछ । उनका अनुसार मधेसमा अधिकांश छोरीहरुको १६ वर्ष नपुग्दै बिहे गरिदिने चलन छ । छोराहरु रुँदै मजदुरीका लागि विदेशिन बाध्य छन् । रुबीका बुवा पनि दश वर्षदेखि मजदुरीका लागि साउदीमा छन् । अब पहिलो काम उनी बुबालाई घर फर्काउन चाहहन्छिन् । स्वदेशमै रोजगार भए कसलाई विदेशिन मन लाग्छ र ? , उनले भनिन्, स्वदेशमै रोजगार भए, बुबा विदेशिनु पर्थेन । मेरो बुबा जस्ता धेरै नेपाली विदेशमा छन् । उनीहरुलाई स्वदेशमै फर्काउन चाहन्छु । कुमारीको अर्को मुद्दा स्वदेशमै युवा रोजगार सिर्जना गर्न आवाज उठाउने रहेको छ ।

**संसद्मा सप्तरङ्गी उपस्थीति**
समानुपातिक तर्फ प्रमाणपत्र लिन आउनेमा मधेश प्रदेशकी इञ्जिनियरिङ अध्ययनरत विद्यार्थी रुबीसँगै, पूर्व मिस नेपाल अनुष्का श्रेष्ठदेखि नायिका रिमा विश्वकर्मा समेतको उपस्थिति थियो । समाजको पिँधमा परेका मुस्लिम समुदायका महिलाका अनुहार पनि सांसदका रुपमा देखिएका छन् । टाउकोमा रुमाल बेरेर काखीमा बच्चा च्यापेर समानुपातिक प्रतिनिधि सदस्यको प्रमाणपत्र बुझ्न आउनुभएकी चितवनकी समिना मियाँले भने, मुस्लिम महिला लजालु स्वभावका छन्, उनीहरुलाई समाजको मूल प्रवाहमा ल्याउन शिक्षा र स्वास्थ्यमा जोड दिनु आवश्यक ठानेकी छु ।
भरतपुर महानगरपालिका–१ की मियाँ रास्वपाको संस्थापक सदस्य हुन् । नर्सिङ पेसामा आबद्ध उहाँले रुपान्तरणका लागि राजनीतिक चेत आवश्यक भएकाले आफुले परिवार, पेसासँगै संसद्मा पुग्न जरुरी ठानेको बताईन ।
त्यसैगरी, नेपाली कम्युनिष्ट पार्टीबाट समानुपातिक प्रतिनिधि सदस्य हुनुभएकी दाङ, घोराहीकी ५० वर्षीया भीमकुमारी बुढामगर जनयुद्धकालदेखि राजनीतिक रुपमा सक्रिय थिईन । उनी पहिलो पटक सांसद भएको हो । मगर पहिरनमा सजिएर प्रमाणपत्र बुझ्दै गर्दा उनले गणतन्त्र ल्याउनुमा जसरी आफूले योगदान दिएको हो त्यही ऊर्जा र उत्साह अझै कायम रहेको बताईन । उनी भनिन, युवाको बाहुल्यता छ, विश्वास छ राम्रै काम गर्छन् ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट समानुपातिक प्रतिनिधिसभा सदस्य हुनुभएकी पद्माकुमारी अर्यालले संसद्मा आफूले जनता र राष्ट्रयका पक्षमा हुने सरकारको कार्यको समर्थन गर्दै विपरीत कार्यको विरोध गर्ने बताईन । रास्वपाका समानुपातिक प्रतिनिधि सदस्य प्रकाशचन्द्र दर्जीले रास्वपाले घोषणा पत्रमा दलित समुदायमाथि राज्यले गरेको अन्यायको माफी माग्ने वाचा पूरा गर्ने बताए ।
लामो समयदेखि दलित मुद्दाका विषयलाई लिएर आन्दोलन गरिरहनुभएका नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट समानुपातिक सांसद बन्नुभएका गणेश विश्वकर्माले संविधानमा उल्लेखित दलित अधिकारका कानुन निर्माणमा आफ्नो निरन्तर प्रयास हुने बताएका छन् । रास्वपाका तर्फबाट समानुपातिक सांसद बन्नुभएकी सीता वादीले संसद्मा वादी समुदायको प्रतिनिधित्व गर्दै छन् । वादी समुदायको बास छैन, गाँस पनि छैन, उनले भने, संसद्मा वादीको आवाज सुनाउछु जस्ताको तस्तै र उनीहरुको जीवनस्तर उकास्ने प्रयास गर्नेछु ।
गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० जना सांसदलाई बिहीबार प्रमाणपत्र वितरण गरिएको हो । निर्वाचन आयोगले केन्द्रीय कार्यालय बहादुर भवनमा आयोजना गरेको कार्यक्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशमशेर जबराले टीका एवं फूलमालाले स्वागत गरेका थिए । रासस

# उच्च अदालतको आदेशः क्याम्पस र विद्यालय एउटै भवनमा चलाउन नपाइने



**मधेशदृष्टि**
**वीरगंज ।**
उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले हरि खेतान बहुमुखी क्याम्पस र हरि खेतान माध्यमिक विद्यालयलाई एउटै भवनमा सञ्चालन गर्न नपाइने स्पष्ट आदेश जारी गरेको छ ।
केही समयदेखि दुवै संस्था एउटै संरचनाभित्र सञ्चालन हुँदै आएको विषयमा परेको रिट निवेदनमाथि सुनुवाइ गर्दै अदालतले यस्तो निर्देशन दिएको हो ।
अदालतको आदेशसँगै अब दुवै शिक्षण संस्था छुट्टाछुट्टै भवनमा मात्र सञ्चालन गर्नुपर्नेछ भने व्यवस्थापन समेत फरक फरक कानुनी संरचना अन्तर्गत गर्नुपर्ने भएको छ । यस निर्णयले लामो समयदेखि चल्दै आएको व्यवस्थापकीय र कानुनी विवादलाई अन्त्यतिर लैजाने संकेत दिएको छ ।
शिक्षा ऐन २०२८ ले माध्यमिक तहका विद्यालय र विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूलाई अलग अलग कानुनी ढाँचामा सञ्चालन गर्नुपर्ने व्यवस्था स्पष्ट रूपमा गरेको छ । त्यस्तै त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्ले जारी गरेको 'सम्बन्धन सम्बन्धी विनियम २०७३' ले पनि एउटै भवनमा विद्यालय र क्याम्पस सञ्चालन गर्न नपाइने उल्लेख गरेको छ ।
कानुनी प्रावधानअनुसार क्याम्पस प्रमुख र विद्यालयका प्रधानाध्यापक अलग अलग व्यक्ति हुनुपर्ने भएपनि, हालसम्म क्याम्पस प्रमुखले विद्यालयको प्रशासनिक कामकाजमा समेत हस्तक्षेप गर्दै आएको आरोप लाग्दै आएको थियो । सञ्चालक समितिले पटक पटक शिक्षा ऐनअनुसार विद्यालय सञ्चालन गर्न आग्रह गरे पनि त्यसलाई बेवास्ता गरिएको स्रोतले जनाएको छ ।
अदालतको यो आदेशपछि अब सम्बन्धित पक्षहरूलाई कानुनअनुसार संरचना मिलाउँदै छुट्टै व्यवस्थापनमा जानुपर्ने अवस्था सिर्जना भएको छ ।

# पर्यटन प्रवर्द्धनका लागि 'हात्तीदह वनस्टे' सञ्चालनमा




**सिरहा ।**
लहान नगरपालिका–१५ स्थित हात्तीदह परिसरमा पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले 'हात्तीदह वनस्टे' सञ्चालनमा आएको छ । 'होमस्टे' जस्तै अवधारणामा आधारित वनस्टेले पर्यटकलाई प्राकृतिक वातावरणसँगै स्थानीय कला, संस्कृतिको अनुभव गर्ने अवसर प्रदान गर्ने लक्ष्य लिएको हो ।
यसअघि कोइरालो खोला नमुना वन उपभोक्ता समूहले सामुदायिक वनभित्र रहेको हात्तीदह सिमसार क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दै आएको छ । सोही क्षेत्रभित्र पर्नेगरी 'वनस्टे' स्थापना गरी सञ्चालनमा ल्याइएको हो । वनस्टे निर्माणका लागि जर्सी ओभरसिज एडको आर्थिक सहयोगमा केयर नेपाल, सामुदायिक वन उपभोक्ता महास्घ नेपाल (फेकोफन) र राष्ट्रिय कृषक समूह महास्घको साझेदारीमा सञ्चालित संरक्षण परियोजनाले सहकार्य गरेको हो ।
वन र सिमसार क्षेत्रको संरक्षण गर्दै पर्यटनमार्फत स्थानीयलाई आयआर्जनमा जोड्ने उद्देश्यले वनस्टे सञ्चालनमा ल्याएका हौँ, उपभोक्ता समूहका अध्यक्ष रुद्रनारायण चौधरीले भने । उनका अनुसार पहिलो चरणमा दुई कोठाको पाहुना घरबाट सेवा सुरु गरिएको वनस्टे परिसरमा तालिम हल, वनभोजस्थल, दहमा बोटिङ सुविधा, बालबालिकाका लागि मनोरञ्जन पार्क, चिडियाखानालगायत सेल्फीस्थलसहित आकर्षकस्थल तयार गरिएको छ ।
वनस्टे निर्माणपछि यस क्षेत्रको शान्त र रमणीय प्राकृतिक वातावरणमा बस्न चाहने पर्यटकले यहाँ बसोबास गर्दै विशेष आनन्दको अनुभूति गर्ने अध्यक्ष चौधरीले विश्वास व्यक्त गरे । हरियाली वन, सिमसार क्षेत्र र स्वच्छ वातावरणले पर्यटकलाई थप आकर्षित गर्ने अपेक्षा गरिएको उनले बताए । वनस्टे निर्माणमा परियोजनाबाट रु आठ लाख छ हजार ८८ र उपभोक्ता समूहबाट रु तीन लाख ६७ हजार २९५ खर्च भएको जनाइएको छ । वनस्टे उद्घाटन गर्दै नगरप्रमुख महेशप्रसाद चौधरीले नगरपालिकाबाट थप रु २० लाख बजेट विनियोजन गरी थप दुई वटा दुई कोठे भवन निर्माण गरिने जानकारी दिए ।
वनस्टेमा आउने पाहुनालाई थारू समुदायको संस्कृति प्रदर्शन गर्ने तथा परम्परागत खानाका परिकारहरू उपलब्ध गराउने योजना रहेको वडाध्यक्ष तेजनारायण चौधरीले बताएका छन् । उनले भने, हामीले पाहुनालाई स्थानीय संस्कृति र स्वादसँग जोड्ने प्रयास गरिरहेका छौँ । हाल वनस्टेमा प्रतिव्यक्ति रु आठ सयमा खान र बस्न सुविधा उपलब्ध छ । दैनिक दुई हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको उपभोक्ता समूहले जनाएको छ । चार वर्षअघिबाट यहाँको सिमसार क्षेत्रलाई पर्यटकीय स्थलको रूपमा विकास भएपछि स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुग्न थालेको छ ।
हाल १४ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका कोइरालो खोला नमूना वन उपभोक्ता समितिका अध्यक्ष चौधरीले जानकारी दिएका छन् । लहान बजारबाट करिब पाँच किलोमिटर उत्तरको चुरेफेदमा अवस्थित हात्तीदह क्षेत्र प्राकृतिक सौन्दर्य, सामुदायिक वन व्यवस्थापन र सांस्कृतिक अनुभवका लागि आकर्षक गन्तव्यका रूपमा विकास हुँदै गएको छ । रासस

# 'ग्लोबल मनी वीक २०२६' को अवसरमा प्रभातफेरी



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल राष्ट्र बैंक वीरगंज शाखाको आयोजनामा 'ग्लोबल मनी वीक २०२६' को अवसर पारेर बिहीबार जनचेतनामूलक प्रभातफेरी कार्यक्रम उत्साहपूर्वक सम्पन्न भएको छ। 'स्मार्ट मनि टक, ओपेन अप, स्टार्ट टु टक, ग्रो वीथ फाइनान्सियल नौलेज' भन्ने नारासहित आयोजना गरिएको कार्यक्रमले वित्तीय साक्षरता अभिवृद्धि गर्ने लक्ष्य लिएको थियो।
कार्यक्रमअन्तर्गत निकालिएको प्रभातफेरी वीरगंज स्थित राष्ट्र बैंक शाखाबाट सुरु भई मकालु चौक हुँदै शहरका विभिन्न मुख्य सडकहरूको परिक्रमा गर्दै घण्टाघर मा पुगेर सम्पन्न भएको थियो । उक्त कार्यक्रममा विभिन्न वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स कम्पनीका कर्मचारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । सहभागीहरूले हातमा ब्यानर र प्लेकार्ड बोकेर वित्तीय ज्ञानको महत्वबारे सर्वसाधारणलाई सचेत गराएका थिए।
कार्यक्रमका क्रममा बचत गर्ने बानीको विकास, सुरक्षित लगानीको अभ्यास, डिजिटल बैंकिङको प्रयोग र जिम्मेवार वित्तीय व्यवहार अपनाउन सर्वसाधारणलाई प्रेरित गरिएको राहुल ओझाले जानकारी दिए । सुशील पौडेलको नेतृत्वमा सम्पन्न उक्त कार्यक्रमले समुदायमा वित्तीय चेतना फैलाउन महत्वपूर्ण योगदान पु¥याउने विश्वास गरिएको छ । साथै, यस्ता सचेतनामूलक अभियानहरूले दीगो आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# ज्योतिष विचार गोष्ठी



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय ज्योतिष दिवसको अवसरमा विहीवार वीरगंज गहवामाई मन्दिरको प्राङ्गणमा ज्योतिष विचार गोष्ठी सम्पन्न भएको छ । विश्व ज्योतिष महासंघका एसिया उपसभापति एवं बृहस्पति फाउन्डेसन नेपालका अध्यक्ष, ज्योतिष डा. पुरुषोत्तम दुबेको संपयोजनमा कार्यक्रम सम्पन्न भएको हो।
कार्यक्रममा प्रमुख अतिथि स्नेही नेपाल सामाजिक संस्थाका अध्यक्ष भुपेन्द्र पौडेलले हाम्रो मौलिक धर्म, संस्कृति र खगोल विज्ञानको जगेर्ना गर्न यस्ता कार्यक्रमले सकारात्मक उर्जा भर्ने बताए । सो अवसरमा वभिन्न क्षेत्रबाट सनातन संस्कृति, धर्म र ज्योतिष शास्त्रको संरक्षणमा योगदान पु¥याएका व्यक्तिहरूलाई सम्मान गरिएको थियो।
सम्मानित हुनेहरूमा नेपाल भोजपुरी समाजका अध्यक्ष धुर्व सिंह ठकुरी, संस्कृत पाठशाला वीरगंजका प्राचार्य पं. विजयनाथ तिवारी र हिन्दू पत्रकार संघका अध्यक्ष राजन रौनियारलगायत रहेका थिए।

# एक ट्रक फर्सीको बीउसहित दुईजना पक्राउ

**मधेशदृष्टि**
**कलैया।**
बाराको सीमावर्तीमा भारतीय सीमा सुरक्षाबल एसएसबीले ठुलो परिमाणमा नेपालबाट गएको फर्सीको विउ सहित एउटा ट्रक सो मा संलग्न दुइजनालाई नियन्त्रणमा लिएको छ । बारा जिल्लाको बिभिन्न नाका हुँदै तस्करी मार्फत ठुलो परिमाणमा फर्सीको बीउ भारत पुगेको एसएसबीको दावी छ।
एसएसबी मुख्यालय पिपराकोठिका प्रवक्ता विनीत कुमार सिंहका अनुसार नेपालको बाराजिल्लाबाट मोटर साइकल मार्फत भारतको बसवरिया गाउँल घोडासहन थाना क्षेत्रसम्म बीउ पु¥याइ एकै ठाउँ संकलन गरी युपि ४२ ईटि ७८६२ नम्बरको ट्रकमा लोड गरेको अवस्थामा पक्राउ गरिएको हो। नेपाल भारत सीमा स्तम्भ नं. ३५७ नजिक भारतीय गाउँ लक्ष्मीपुरबाट लौखन तर्फ जाँदै गरेको उक्त ट्रक बुधबार राति १० बजे नियन्त्रणम लिएको हो।
ट्रकका चालक र सहचालकलाई पनि नियन्त्रणमा लिइएको प्रवक्ता सिंहले बताए । प्रारम्भिक सोधपुछका क्रममा चालकले ट्रकमा बीउ लोड गरिएको र दिल्लीतर्फ लैजाँदै गरेको स्वीकार गरेको जनाइएको छ।
बरामद ट्रकमा ३०० बोरा फर्सीको बीउ फेला परेको छ । जसको कुल तौल ११ हजार ५५० किलोग्राम रहेको छ । भारतमा प्रति किलोग्राम ३२० रुपैयाँका दरले यसको अनुमानित मूल्य ३६ लाख ९६ हजार रुपैयाँ (नेपाली झन्डै ६० लाख ) रहेको एसएसबीले जनाएका छन।

# पर्साका एसपी पाठक पुरस्कृत




**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख तथा प्रहरी उपरीक्षक सुदीपराज पाठक प्रहरी प्रधान कार्यालयबाट पुरस्कृत भएका छन्। फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराउन उत्कृष्ट काम गरेको भन्दै प्रहरी प्रधान कार्यालयले पर्साका प्रहरी प्रमुख पाठकलाई पुरस्कृत गरेको हो।
पर्सा जिल्लाको चारवटै निर्वाचन क्षेत्रमा निर्वाचन भयरहित तथा शान्तिपूर्ण ढङ्गले सम्पन्न भएको थियो।
प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले एआइजिपीदेखि प्रहरी जवानसम्म मुलुकभरका कुल ६९ जना प्रहरी कर्मचारीलाई नगद पुरस्कार प्रदान गर्ने निर्णय गरेका हुन्।

# अवैध नदीजन्य पदार्थको उत्खननमा सशस्त्र प्रहीको कारवाही

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको चन्द्रपुर नगरपालिकाको चाँदीखोलामा भइरहेको अबैध नदीजन्य पदार्थको उत्खननमा सशस्त्र प्रहरीले कार्वाही गरेको छ । बिहीबार बिहानै ८ वटा ट्याक्टर नियन्त्रणमा लिएको जानकारी दिएको छ।
बिहीबार बिहानै खोलामा पुगेको सशस्त्र प्रहरी टोलीले बालुवा बोक्दै गरेका ट्याक्टरहरू नियन्त्रणमा लिएर चन्द्रपुर नगरपालिकाको जिम्मा लगाएको जानकारी दिएको छ।
सशस्त्र प्रहरीका अनुसार चाँदीखोलाबाट अवैध रूपमा नदीजन्य वस्तु उत्खनन भइरहेको विशेष सूचनाका आधारमा कारबाही गरिएको हो । 'अवैध उत्खनन रोक्ने अभियान' चलाइएको सशस्त्र प्रहरी बेस सन्तपुरका प्रमुख बिश्व जीसीले बताए।
चाँदीखोलामा लामो समयदेखि निरन्तर अवैध उत्खनन भइरहेको, तर सम्बन्धित निकायले आँखा चिम्लिँदै आएको आरोप छ । नगरपालिकाले भने सशस्त्रबाट बुझिएका ट्याक्टरमाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइने जनाएको छ।

सम्पादकीय

# जातीय हिंसामा शून्य सहनशीलता कानुनको कठोर कार्यान्वयन अब अनिवार्य !

पर्सा र रौतहटमा दलित समुदायमाथि भएका पछिल्ला कुटपिटका घटनाहरू केवल व्यक्तिगत विवादका परिणाम होइनन्, यी घटनाहरू हाम्रो समाजमा अझै गहिरो रूपमा जरा गाडेर बसेको जातीय विभेदको नाङ्गो प्रतिबिम्ब हुन्। संविधानले समानता र सामाजिक न्यायको ग्यारेन्टी गरिसकेको देशमा यस्ता घटनाहरू दोहोरिनु राज्य संयन्त्रकै कमजोरी र कार्यान्वयनको अभावको स्पष्ट संकेत हो । राष्ट्रिय दलित आयोगका सदस्य सुन्दर पुर्कुटीले उठाएको विषय वस्तुत देशकै लागि चेतावनी हो 'दलितसँग जोडिएका मुद्दालाई सामान्य झगडाको रूपमा हेर्ने प्रवृत्ति अन्त्य हुनुपर्छ' । जबसम्म प्रशासन, प्रहरी र राजनीतिक नेतृत्वले यस्ता घटनालाई गम्भीर अपराधका रूपमा लिएर तत्काल र निष्पक्ष कारबाही गर्दैनन्, तबसम्म पीडितले न्याय पाउने विश्वास कमजोर बन्दै जान्छ।

पर्साको महुवन र रौतहटको सन्तपुरका घटनाहरूले एउटा साझा प्रश्न उठाएका छन् 'के हाम्रो कानुनी व्यवस्था केवल कागजमै सीमित छ ?' घाइतेहरू, बालबालिकासमेत, निर्ममतापूर्वक आक्रमणमा पर्नु र त्यसपछि पनि दोषीहरू फरार रहनु कुनै सामान्य अवस्था होइन।

अझ पीडित परिवार नै त्रासमा बस्नुपर्ने अवस्था हुनु राज्यको असफलता हो । प्रहरीले 'तथ्यमा आधारित अनुसन्धान' को कुरा गर्नु उचित हो, तर यो तर्कलाई ढिलाइ र कमजोर कारबाहीको आवरण बनाउनु हुँदैन । जातीय आधारमा हिंसा भएको पुष्टि भएमा 'कडा कारबाही' भन्ने वाक्य मात्र पर्याप्त छैन 'त्यसको ठोस कार्यान्वयन देखिनुपर्छ' । अन्यथा, यस्ता प्रतिबद्धताहरू केवल औपचारिक भाषणमा सीमित रहन्छन्।

यसैबीच 'राजनीतिक दबाब' को बहानामा न्याय प्रक्रिया प्रभावित हुने संकेतहरू झनै खतरनाक छन्। यदि कानुन कार्यान्वयन गर्ने निकायहरू नै दबाबमा परे भने साधारण नागरिकको सुरक्षाको ग्यारेन्टी कसले गर्ने ? जातीय हिंसाका घटनामा कुनै पनि प्रकारको सम्झौता वा मिलापत्र स्वीकार्य हुनुहुँदैन । यो केवल व्यक्तिहरूबीचको विवाद होइन, यो मानव अधिकारमाथिको प्रत्यक्ष आक्रमण हो। समाधान स्पष्ट छ प्रथम, छिटो र निष्पक्ष अनुसन्धान। दोस्रो, दोषीमाथि उदाहरणीय कारबाही। तेस्रो, पीडित परिवारको सुरक्षा र पुनस्र्थापना। चौथो, स्थानीय तहदेखि केन्द्रसम्म जातीय विभेदविरुद्ध कडा सन्देश र सचेतना अभियान। यिनै चार स्तम्भमा आधारित कदमले मात्र यस्ता घटनाको पुनरावृत्ति रोक्न सक्छ।

सबैभन्दा महत्वपूर्ण कुरा, राज्यले आफ्नो प्रतिबद्धता व्यवहारमा देखाउनुपर्छ । संविधानले दिएको अधिकार कागजमा सीमित रह्यो भने त्यो अधिकार होइन, भ्रम मात्र हो । दलित समुदायले न्यायका लागि 'भौतारिनु नपर्ने' अवस्था सिर्जना गर्नु राज्यको दायित्व हो, विकल्प होइन। अब समय आइसकेको छ जातीय हिंसामा शून्य सहनशीलताको नीति केवल घोषणा होइन, कठोर रूपमा कार्यान्वयन गरिनुपर्छ । अन्यथा, न्यायप्रतिको विश्वास टुट्दै जानेछ र समाज अझ विभाजित बन्दै जानेछ।

# वार्षिक परीक्षा नसकिँदै निजी विद्यालयमा भर्ना सुरु

प्रकाश सिलवाल

**काठमाडौँ।**
'सीमित सिटका लागि भर्ना खुलेको छ, विद्यालयबाट फारम वितरण भइरहेकाले लिन सक्नुहुनेछ।' यस्ता सूचना र विज्ञापन आजभोलि निजी विद्यालयका वेबसाइट र सूचनापाटीमा देख्न सकिन्छ। वार्षिक परीक्षा सम्पन्न नहुँदै काठमाडौँ उपत्यकालगायत विभिन्न क्षेत्रका अधिकांश निजी विद्यालयले शिक्षा नियमावली विपरीत नयाँ शैक्षिकसत्र, २०८३ का लागि भर्ना प्रक्रिया सुरु गरेका हुन्। नियमविपरीत भर्ना सुरु गर्ने क्रम यसअघिका वर्षमा पनि हुँदै आएका थिए। सङ्घीय र स्थानीय सरकारले नियमावलीलाई पालना गरेर हरेक वैशाखमा मात्रै भर्ना खोल्न आग्रह गर्दै आए पनि निजी (संस्थागत) विद्यालयले यसको निरन्तर उलङ्घन गर्दै आएका छन्।

उदाहरणका लागि काठमाडौँको ज्ञानेश्वरस्थित ग्यालेक्सी पब्लिक स्कुल र ललितपुरको हात्तीवनस्थित लिटिल एन्जल्स स्कुलले चैत महिनाभरि कक्षा एकदेखि आठसम्मका लागि भर्ना प्रक्रिया सुरु हुनेबारे सूचना जारी गरेका छन्। काठमाडौँको बुद्धनगरस्थित रोजबर्ड स्कुलले कक्षा १ देखि ६ सम्मका लागि भर्ना फारम वितरण गरेको छ। भक्तपुरको माउन्ट एभरेष्ट स्कुलले पनि भर्ना खुल्ला भइसकेको सूचना राखेको छ। यस्ता उदाहरण बर्गेल्ती भेटिन्छन्।

खासगरी नयाँ भर्ना गर्ने विद्यार्थीका लागि फारम भराउने र प्रवेश परीक्षा लिने काम अधिकांश निजी विद्यालयले चैतको तेस्रो साताभित्र सकाउने गरी आन्तरिक कार्यतालिका बनाएका छन्। शिक्षा नियमावली (दशौँ संशोधन), २०७७ को दफा ७८ (ग) मा वार्षिक परीक्षाको लब्धाङ्कपत्र र स्थानान्तरण प्रमाणपत्र प्राप्त भएपछि मात्रै भर्ना प्रक्रिया सुरु गर्नुपर्ने प्रबन्ध गरिएको छ। काठमाडौँ महानगरका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ ले पनि सङ्घीय ऐन, नियमबमोजिम विद्यार्थी भर्ना, शुल्क, वार्षिक परीक्षालगायत विषयमा स्पष्ट पारेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विद्यालय तहको सञ्चालन र व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्र रहेको सन्दर्भमा ऐन, नियमको पालनाका लागि कुनै जटिलता आएमा केन्द्र सरकारले चासो राख्ने बताए।

काठमाडौँ महानगरपालिकाको शिक्षा विभागका प्रमुख नमराज ढकालले नयाँ शैक्षिकसत्रको भर्नाका लागि कानुनी रूपमा वैशाखमा समय निर्धारण गरिएको जनाउँदै त्यसअघि औपचारिक रूपमाविद्यार्थीलाई भर्ना लिन नमिल्ने बताए । 'नियमले वार्षिक परीक्षा र परीक्षाफल प्रकाशन नगरी भर्ना लिन भन्दैन। परीक्षा र परीक्षाफल प्रकाशन चैतभरि हुन्छ। त्यसपछि भर्ना प्रक्रिया सुरु हुन्छ', उनले भने। प्रमुख ढकालले औपचारिक रूपमा नमिल्ने भर्ना प्रक्रिया सञ्चालन गर्ने निजी विद्यालय र अभिभावक दुवै पक्षको समझदारी देखिएको बताए। नियमविपरीत भर्ना गरिएको भन्ने औपचारिक गुनासो आएमा अनुगमन गरी कारबाही गरिने उनले जानकारी दिए।

हाल काठमाडौँ महानगरपालिकामा ६७४ संस्थागत (निजी) र ८७ सामुदायिक (सरकारी) विद्यालय सञ्चालित छन्। आधारभूत शिक्षा (कक्षा ८) को नगरस्तरीय परीक्षा सञ्चालन हुन थालेकाले आफूले भर्नाका विषयमा सबै विद्यालयमा अनुगमन गर्न भने नभ्याउने महानगरपालिकाको भनाइ छ।

महानगरअन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको शैक्षिकसत्र, २०८२ को आधारभूत शिक्षा (कक्षा ८) को परीक्षा तोकिएका ५७ विद्यालयमा आजदेखि सुरु भई यही चैत १२ गतेसम्म सञ्चालन हुँदैछ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) का महासचिव आरबी कटवालले केही विद्यालयले आन्तरिक रूपमा त्यस्ता गतिविधि सञ्चालन गरेको हुनसक्ने सम्भावना नकार्न नसकिने भन्दै यसबारे औपचारिक वा प्रमाणिक जानकारी आफूहरूसँग आइनपुगेको बताए। 'प्याब्सनको स्पष्ट धारणा भनेको सधैँ जस्तै, शैक्षिक सत्र औपचारिक रूपमा समाप्त भई अन्तिम नतिजा प्रकाशन भएपछि मात्र नयाँ भर्ना प्रक्रिया सुरु गर्ने भन्ने हो।

यससम्बन्धमा आवश्यक कार्यक्रम तथा कार्यतालिका पनि सोही अनुसार तय गरिन्छ', महासचिव कटवालले भने, 'यसले शिक्षा नियमावली र पालिकाहरूले जारी गरेका निर्देशनलाई पूर्ण रूपमा समेट्ने र सम्मान गर्ने हाम्रो प्रतिबद्धतालाई पनि प्रतिविम्बित गर्दछ।' राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (नेसनल प्याब्सन) का अध्यक्ष गीता राणा क्षेत्रीले भर्ना प्रक्रिया सुरु भएपनि पूर्ण भर्ना भने वार्षिक परीक्षा सकिएर लब्धाङ्कपत्र दिएपछि मात्रै हुने जानकारी दिए। उनले सामुदायिक विद्यालयमा वैशाखभरि भर्ना गर्ने प्रक्रिया रहने भन्दै निजी विद्यालयका विद्यार्थी र अभिभावकको चाहनाबमोजिम वैशाखाको पहिलो सातादेखि कक्षा सञ्चालन गरिँदै आइएको जनाए।

सो एसोसिएसनले नयाँ शैक्षिकसत्र हरेक वैशाखमा आरम्भ भई चैतमा सम्पन्न हुने विद्यमान व्यवस्था अनुसार नियमित पठनपाठन र पाठ्यक्रम पूरा गर्न सहज नहुने विषयमा महानगरपालिकाको ध्यानाकर्षण गराएको थियो। नयाँ शैक्षिकसत्र लागेपछि मात्रै भर्ना गराउने भन्ने पालिकाको सूचनाले शैक्षिककसत्रको व्यवस्थापनमा असहजता हुने भएकाले वैशाख अगावैदेखि भर्ना प्रक्रिया सुरु गर्न सहजीकरण गरियोस् भन्ने नेसनल प्याब्सनको माग रहेको छ। नेपाल अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीले सामुदायिक र निजी विद्यालयमा फरकफरक मितिमा भर्ना हुने खालको अवस्था अन्त्य हुन नसकेको बताउँदै एकरुपताका लागि केन्द्र र स्थानीय सरकारको प्रभावकारी नीति र अनुगमन हुनुपर्नेमा जोड दिए। 'निजी विद्यालयमा चैतमा भर्ना सुरु भइसक्यो। सरकारीमा वैशाख २ गतेदेखि भर्ना अभियान सुरु हुन्छ। वैशाखदेखि भनेर शैक्षिकसत्र तोकिएपछि त्यसको पालना हुनुपर्ने हो। यसलाई पालिका अनुसार वा विद्यालयको प्रकार अनुसार खुल्ला छोड्ने वा के गर्ने अब आउने सरकारले स्पष्ट नीति ल्याउँला कि भन्ने आशा गरेका छौँ।'

रोजबर्ड स्कुलका प्रिन्सिपल दामोदर ढुङ्गानाले विगतमा फागुनदेखि भर्ना प्रक्रिया खुल्ने गरेकामा स्थानीय तहको समन्वयमा अहिले चैतदेखि सुरु गरिएको बताउँदै आफूहरूले ऐन, नियम र सरकारका निर्देशनलाई पालना गर्ने स्पष्ट गरे। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार हाल मुलुकभर २६ हजार ६०६ सामुदायिक, सात हजार ८८६ संस्थागत र एक हजार ३८४ धार्मिक विद्यालय छन्। रासस

# तेह्र वर्षमा १३ हजार बढी वन डढेलोका घटना अभिलेख

प्रगति ढकाल

**काठमाडौँ।**
यही चैत १ देखि ७ गतेसम्म मुलुकभर वन डढेलो सप्ताह चलिरहेको छ। यही अवधिमा वन तथा भू–संरक्षण विभागले वन डढेलोसम्बन्धी एक प्रतिवेदन सार्वजनिक गरेको छ। सो प्रतिवेदनमा मुलुकमा पछिल्लो १३ वर्षको 'स्याटेलाइट' तथ्याङ्कअनुसार डढेलोको जोखिम बढिरहेको उल्लेख छ । विभागको तथ्याङ्कमा विसं २०७० देखि २०८२ सम्म देशभर १३ हजार ६२२ वटा वन डढेलो घटना अभिलेख भएका छन्। वन डढेलो गम्भीर वातावरणीय चुनौतीका रूपमा देखिएको छ। प्रतिवेदन अनुसार नेपालमा वन डढेलो मौसमी प्रकृतिको देखिन्छ । कूल घटनामध्ये करिब ८९ प्रतिशत वन डढेलो फागुनदेखि वैशाखसम्म भएका छन् । त्यस अवधिमा समयमा लामो सुख्खा, न्यून आद्र्रता, उच्च तापक्रम, हावाको तीव्रता, कृषि अवशेष जलाउने प्रचलन, वन क्षेत्रमा मानव गतिविधि वृद्धिका कारण वन डढेलोको जोखिम बढी हुने उल्लेख छ।

वैशाख महिनामा कूल घटनाको करिब ५७ दशमलव ७ प्रतिशत वन डढेलो भएको जनाइएको छ । विसं २०७३ लाई सबैभन्दा गम्भीर वन डढेलो वर्षका रूपमा देखाइएको छ। विसं २०७८ र २०८१ मा उल्लेख्य संख्यामा डढेलोका घटना अभिलेख गरिएका छन् । विभागको विश्लेषणात्मक प्रतिवेदनअनुसार विसं २०८२ वैशाख १ देखि फागुन २९ सम्म देशभर कम्तीमा २८२ वटा डढेलोका घटना अभिलेख भएका छन्। प्रतिवेदनअनुसार गत वैशाख १ देखि फागुन २९ सम्म वन डढेलो देशका सातै प्रदेशमा फैलिएको भएपनि सुदूरपश्चिम प्रदेश सबैभन्दा बढी प्रभावित देखिएको छ । सो प्रदेशमा मुलुकको कूल घटनाको करिब एक तिहाइ अर्थात् ३३ दशमलव ३ प्रतिशत वन डढेलो गएको थियो। प्रदेशगत रूपमा बागमतीमा १९ दशमलव १ र कर्णालीमा १६ दशमलव ७, गण्डकी प्रदेशमा ९ दशमलव ६, लुम्बिनी प्रदेशमा ८ दशमलव ९, कोशी प्रदेशमा ८ दशमलव २ र मधेश प्रदेशमा ४ दशमलव ३ प्रतिशत वन डढेलोका घटना भएका छन्।

सोही अवधिमा जिल्लागत रूपमा कञ्चनपुर सबैभन्दा बढी प्रभावित जिल्ला बनेको छ । त्यहाँ ४१ वटा डढेलो घटना अभिलेख भएका छन् । चितवनमा २७, कैलालीमा १९ र सुर्खेतमा १८ घटना देखिएका छन्। वन तथा भू–संरक्षण विभागका महानिर्देशक धीरेन्द्रकुमार प्रधानले डढेलोको बढ्दो जोखिमलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सङ्घ, प्रदेश र स्थानीय तहका निकायहरू, सामुदायिक वन उपभोक्ता समूह, सुरक्षा निकाय, निजी क्षेत्र, सञ्चारमाध्यम तथा स्थानीय समुदायबीच समन्वय अनिवार्य रहेको बताए । 'वन डढेलो व्यवस्थापन कुनै एक निकायको मात्र जिम्मेवारी होइन, यो सम्पूर्ण समाजको साझा दायित्व हो,' उनले भने । महानिर्देशक प्रधानले डढेलो रोकथाम, शीघ्र सूचना आदानप्रदान, समयमै नियन्त्रण तथा जनचेतना अभिवृद्धिमा सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेकामा जोड दिए।

**जैविक विविधतामाथि खतरा**

मुलुकका विभिन्न संरक्षित क्षेत्रमा पछिल्लो समय डढेलोका घटना बढ्दै गएको छ । विभागको प्रतिवेदन अनुसार गत वैशाख १ देखि फागुन २९ सम्म संरक्षित क्षेत्रमा कूल ८२ वटा डढेलोका घटना दर्ता भएका छन् । सबैभन्दा धेरै डढेलोका घटना चितवन राष्ट्रिय निकुञ्जमा देखिएको छ। त्यहाँ मात्र २७ वटा डढेलोका घटना भएको उल्लेख छ। त्यसपछि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा २४ र कोशी टप्पु वन्यजन्तु आरक्षमा १२ डढेलोका घटना दर्ता भएका छन् । यसैगरी बर्दिया राष्ट्रिय निकुञ्जमा ६, अन्नपूर्ण संरक्षण क्षेत्रमा ५, बाँके राष्ट्रिय निकुञ्जमा ३, मनास्लु संरक्षण क्षेत्रमा ३ र ढोरपाटन सिकार आरक्षमा २ वटा डढेलोका घटना भएका थिए। संरक्षित क्षेत्रमा डढेलो पुग्नु जैविक विविधता संरक्षणका दृष्टिले गम्भीर मानिन्छ । वन्यजन्तुको बासस्थान, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीमा यसको प्रत्यक्ष असरपर्ने गर्छ।

वन्यजन्तु कोषका नेपाल प्रतिनिधि डा घनश्याम गुरुङले पछिल्लो समय संरक्षित क्षेत्र आसपासका वन क्षेत्रमा देखिएका डढेलोका घटनाले वन्यजन्तु र प्राकृतिक स्रोतसाधनमा गम्भीर असर पार्न सक्ने बताए। उनले यसलाई समयमै नियन्त्रण गर्न आवश्यक रहेकामा जोड दिए । 'वनमा आगलागी हुँदा मानवीय क्षति कम गर्ने उपायलाई प्राथमिकतामा राख्नुपर्छ । साथै डढेलो नियन्त्रणका लागि व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने, वन क्षेत्रमा 'फायर लाइन' विस्तार गर्नुपर्ने र स्थानीयस्तरमा तालिम तथा तयारी बढाउनुपर्ने आवश्यकता छ,' गुरुङले भने, 'पानीका स्रोतहरूको संरक्षण, आगलागी नियन्त्रणका लागि आवश्यक साधनस्रोतको व्यवस्था तथा प्रभावकारी प्रचारप्रसारमार्फत समुदायलाई सचेत बनाउनु अत्यन्त महत्वपूर्ण छ।' संरक्षित क्षेत्रमा डढेलो पुग्नुले वन्यजन्तुको बासस्थान, जैविक विविधता र पारिस्थितिक प्रणालीमा दीर्घकालीन असर पार्न सक्ने भएकाले सरोकारवाला निकायले समयमै समन्वय र प्रभावकारी व्यवस्थापन गर्नुपर्ने उनको भनाइ छ।

विभागको तथ्याङ्क अनुसार यस वर्ष पुसमा ३६, माघमा ३५ र फागुनमा ५० डढेलोका घटना अभिलेख भएका छन् । वन डढेलोका करिब ९० प्रतिशतभन्दा बढी घटना वैशाख, पुस, माघ र फागुन महिनामा केन्द्रित रहेको प्रतिवेदनले देखाएको छ।

**तराई–चुरे र मध्यपहाडी क्षेत्र उच्च जोखिममा**

स्थानगत विश्लेषणले तराई–चुरे क्षेत्र तथा मध्यपहाडी वन क्षेत्र वन डढेलोको दृष्टिले सबैभन्दा संवेदनशील देखाएको छ। विशेष गरी सुदूरपश्चिमको तराई–चुरे क्षेत्र, चितवन–मकवानपुर वन क्षेत्र, सुर्खेत आसपासका वन क्षेत्र तथा बर्दिया–बाँके तराई क्षेत्रमा डढेलो बढी केन्द्रित भएको पाइएको छ। राष्ट्रपति चुरे तराई–मधेश संरक्षण विकास समितिका सदस्य कमला ओली सिवाकोटीले चुरे क्षेत्रमा सञ्चित सुख्खा इन्धन पदार्थ, लामो सुख्खा अवधि, न्यून आद्र्रता र मानव गतिविधिको वृद्धि वन डढेलो बढ्नुका प्रमुख कारण भएको बताए।

उनले भने, 'हामी सरोकारवालासँग र सम्बन्धित इकाइहरूसँग समन्वय गर्दै प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेका छौँ, ताकि समुदायस्तरमै डढेलो रोकथामका उपायहरू बुझ्न र लागू गर्न सकुँ।' तर, चुरेमा प्रभावकारी डढेलो नियन्त्रण कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट नहुनु मुख्य चुनौती रहेको उनले औँल्याए।

**पूर्वतयारी र समुदायको भूमिका आवश्यक**

नेपालमा अधिकांश वन क्षेत्र सामुदायिक व्यवस्थापन अन्तर्गत रहेकाले वन डढेलो नियन्त्रणमा स्थानीय समुदाय र वन उपभोक्ता समूहको भूमिका महत्वपूर्ण मानिएको छ । सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का अध्यक्ष ठाकुरप्रसाद भण्डारीले डढेलो नियन्त्रणका लागि पूर्वतयारी र व्यापक सचेतना आवश्यक रहेको बताए । उनका अनुसार वन क्षेत्रमा इन्धन व्यवस्थापन, प्रारम्भिक चेतावनी प्रणालीको विकास तथा समुदायको सक्रिय सहभागिता बिना डढेलो नियन्त्रण प्रभावकारी हुन सक्दैन।

गर्मी मौसम सुरु भएसँगै सम्भावित डढेलोको जोखिमलाई ध्यानमा राख्दै समुदायस्तरमा पूर्वतयारी र सूचना प्रवाहका अभियान सञ्चालन गरिएको उनले जानकारी दिए । 'डढेलो लाग्न सक्छ भन्ने पूर्वसूचना र खबरदारीका लागि अभियान चलाइएको छ,' भण्डारीले भने। आगलागी नियन्त्रणका क्रममा जोखिमपूर्ण दुर्घटना हुन सक्ने, आगो नियन्त्रणबारे पर्याप्त जनचेतना अभाव रहेको र आवश्यक उपकरणको कमी प्रमुख समस्या रहेको उनले औंल्याए।

नेपाल वन प्राविधिक सङ्घ (एनएफए) का अध्यक्ष राकेश कर्णले वन डढेलो नियन्त्रणका लागि प्रभावकारी वन व्यवस्थापन अपरिहार्य रहेको बताए । उनका अनुसार जहाँ वन व्यवस्थापन गरिएको छ, त्यहाँ डढेलोका घटना न्यून देखिएका छन्, तर व्यवस्थापन नभएका क्षेत्रमा समस्या जटिल बन्दै गएको छ। 'वन व्यवस्थापन भएको ठाउँमा डढेलो कम हुन्छ, संरक्षण पनि राम्रो हुन्छ, र स्थानीयस्तरमा रोजगारी तथा आम्दानीका अवसर पनि बढ्छन्,' उनले भने, 'तर, वन व्यवस्थापन अझै पनि राज्यको प्राथमिकतामा पर्न सकेको छैन।' रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# अन्योलकाबीच निर्वाचन सम्पन्न गरायौँः कावा आयुक्त




**काठमाडौँ ।**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन हुन्छ, कि हुन्न भन्ने अन्योलको वातावरण चिरेर निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ सम्पन्न गराएको बताएका छन् । आयोगले बिहिबार केन्द्रीय कार्यालय बहादुर भवनमा आयोजना गरेको समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र वितरण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले निर्वाचनको अघिल्लो दिन फागुन २० गते आयोगको मिडिया सेन्टरमा आयोजित पत्रकार सम्मेलनमा पनि अझै निर्वाचन हुन्छ र भन्ने प्रश्नको सामना गरेको स्मरण गरेका छन् । निर्वाचन हुनैपर्छ भन्ने आयोगको अठोटका कारण नै निर्वाचन गर्न सम्भव भएको र यसका लागि सबै राजनीतिक दल, नागरिक समाज एवं प्रबुद्ध व्यक्तित्वबाट सहयोग प्राप्त भएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए ।
विदेशमा बस्ने नेपालीले मतदान गर्न पाउनुपर्छ, मतदाता नामावली भएको क्षेत्रभन्दा बाहिर रहेकाले मतदान गर्न पाउनुपर्छ जस्ता मागका बीच निर्वाचन हुन्छ कि हुँदैन भन्ने अन्योल थियो, अध्यादेशबाट मतदाता नामावली सङ्कलन गरेर करिब १० लाख युवा मतदाता थप भए, युवा मतदाताले पनि यस पटक उत्साहपूर्ण रुपमा मतदान गरे,उनले भने ।
निर्वाचनमा भाग लिएका विभिन्न राजनीतिक दलका उम्मेदवारले पनि नआत्तीकन र नमात्तीकन भाग लिएकाले पनि निर्वाचन सम्पन्न हुन सकेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताएका छन् । अन्योलबीच पनि आयोगले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रुपमा निर्वाचन गराउन सफल भएको छ । गत फागुन २१ गते कतै पनि निर्वाचन वातावरण बिथोलिएन । निर्वाचन आचारसंहिता उल्लङ्घन गरेकै कारण कसैलाई पनि कडाइका साथ कारबाही गर्नु नपरेको पनि आयोगले जनाएको छ । यस पटकको निर्वाचनमा कुनै पनि मतदान केन्द्रमा पुनः मतदान गराउनु परेन ।
स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने विश्वका १० वटा देशका निर्वाचन आयोगमध्ये नेपालको आयोग पनि पर्ने जानकारी पनि कार्यक्रममा उनले गराए । विदेशबाट निर्वाचन पर्यवेक्षकले पनि यो शताब्दीमै स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन नेपालमा सम्पन्न भएको प्रतिवेदन दिएको पनि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले कार्यक्रममा जानकारी दिएका छन् ।
नवनिर्वाचित सांसदहरुलाई निर्वाचन प्रणाली फेर्न हुने गरेका मागलाई सम्बोधन गर्ने गरी अब बस्ने संसद्को अधिवेशनबाटै निर्वाचन कानुन बनाउन माग गरेका छन् ।
आयोगले अढाई वर्षअघि मस्यौदा गरेर पठाएको निर्वाचन कानुन गृह मन्त्रालयमा अलपत्र अवस्थामा रहेकाले अब बस्ने संसद्को अधिवेशनबाटै त्यसलाई पारित गर्ने गरी काम गर्न पनि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले नवनिर्वाचित सांसदहरुको ध्यानाकर्षण गराएको थियो ।
फेरि १४ महिनापछि स्थानीय तहको निर्वाचन गर्नुपर्नेछ, त्यसैले अब बस्ने अधिवेशनबाटै निर्वाचन कानुन पारित गरिनुपर्छ, निर्वाचनसम्बन्धी १० वटा कानुन छ, ती सबैलाई एउटै बनाउने गरी तयार भएको मस्यौदालाई अघि बढाइनुपर्छ, १४ महिनापछि स्थानीय तहको निर्वाचन हुँदा त्यसको छ महिनापछि गर्नुपर्ने प्रदेशसभा सदस्य निर्वाचनलाई पनि एकैपटक गरे मितव्ययी निर्वाचन हुन्छ, उनले बताएका छन् ।
नवनिर्वाचित सांसदबाट नागरिकले धेरै आशा गरेकाले त्यो विश्वासलाई विश्वासघात नगर्ने गरी काम गर्न पनि उनले सुझाव दिएका छन् । नवनिर्वाचित सांसदबाट कानुन बनाउन जोस, जाँगरका साथ काम गरेर जनताले खोजेको कानुन बनाउन सक्रियता बढाउन पनि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले अनुरोध गरेका थिए ।
आयोगका सहसचिव एवं समानुपातिक निर्वाचन प्रणालीतर्फका सहायक निर्वाचन अधिकृत यज्ञप्रसाद भट्टराईले ५७ चिह्नमा ६३ दलले यस पटकको समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिएकामा छ दल सांसद निर्वाचित गराउन सफल भएको जानकारी गराएको थियो । समानुपातिक निर्वाचनतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट ५७ सांसद निर्वाचित भएका छन् । यसैगरी, नेपाली कांग्रेसबाट २०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी लेनिवादी) बाट १६, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट नौ, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट चार÷चार जना सांसद निर्वाचित भएको आयोगले चैत २ गते सोमबार नै घोषणा गरिसकेको थियो ।
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ रास्वपा १२५, कांग्रेस १८, एमाले नौ, नेकपा आठ, श्रम संस्कृति पार्टी तीन, राप्रपा र स्वतन्त्र एक÷एक स्थानमा निर्वाचित भएका छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी प्रतिनिधिसभामा कुल २७५ जना सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था रहेको छ ।
आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र वितरण गरेर बिहिबार दिउँसो राष्ट्रपति रामचन्द्र पौडेललाई प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को समग्र प्रतिवेदन बुझाएको छ । रासस

# निर्वाचनले लोकतान्त्रिक अभ्यासलाई सफल बनाएको छः प्रम



**काठमाडौं ।**
देशले कठिन परिस्थितिमा पनि लोकतान्त्रिक अभ्यासलाई सफल बनाएको प्रधानमन्त्री सुशीला कार्कीले बताएकी छन् । बिहीबार कर्णालीमा पुगेर प्रधानमन्त्री कार्कीले यस्तो बताएकी हुन् । हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनलाई सफल बनाउन कार्यक्षेत्रमै खटिएर भूमिका निर्वाह गर्ने कर्मचारी, सुरक्षाकर्मी तथा आम नेपाली नागरिकप्रति धन्यवाद व्यक्त गरिन् ।
प्रधानमन्त्री कार्की बिहिबार बिहान मुगु जिल्लाको रारा पुगेकी हुन् । त्यहाँ जिल्लास्तरीय सुरक्षा प्रमुखहरूसँग अन्तरक्रिया समेत गरेकी थिइन् । त्यसपछि उनी जुम्लाको खलंगा पुगेर जिल्लास्तरीय सुरक्षा प्रमुखहरूसँग अन्तरक्रियामा सहभागी भइन् । सो क्रममा उनले सीमित स्रोतसाधन र कठिन भूगोलका बाबजुद पनि प्रभावकारी समन्वय र प्रतिबद्धताका साथ निर्वाचन सम्पन्न गराएको भन्दै सुरक्षा निकाय र कर्मचारीहरूको प्रशंसा गरिन् । उनले स्थानीय बासिन्दासँग पनि भेटघाट तथा अन्तरक्रिया गर्दै निर्वाचनलाई शान्तिपूर्ण र सफल बनाउन देखाइएको एकता, सद्भाव र सहकार्यप्रति विशेष धन्यवाद व्यक्त गरिन् । यसै क्रममा, प्रधानमन्त्री कार्कीले जुम्लास्थित कर्णाली प्राविधिक शिक्षालयको अवलोकन पनि गरेकी छन् । २०३७ मा स्थापना भएको उक्त संस्थालाई नेपालकै पहिलो प्राविधिक शिक्षालयमध्ये एक मानिन्छ । प्रधानमन्त्री कार्कीको यो भ्रमणको मुख्य उद्देश्य निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा धन्यवाद व्यक्त गर्नुका साथै छोटो कार्यकालमा सरकारलाई प्राप्त जनसमर्थनप्रति कृतज्ञता प्रकट गर्नुरहेको प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले जानकारी दिए । रासस

# संविधानको धारा ७६ (१) अनुसारको सरकार गठन हुँदै

**काठमाडौँ ।**
गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम आइसकेको छ । निर्वाचन आयोगले बिहिबार राष्ट्रपति रामचन्द्र पौडेललाई निर्वाचनको मतपरिणामसहितको प्रतिवेदन बुझाउँदै छ ।
निर्वाचन परिणामसहितको प्रतिवेदन राष्ट्रपतिलाई बुझाएसँगै मुलुक नयाँ सरकार गठनको प्रक्रियामा अघि बढ्नेछ । पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फ १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी कुल २७५ सदस्यीय प्रतिनिधिसभामा करिब दुई तिहाइ (१८२ सांसद) सांसद राष्ट्रिय स्वतन्त्र पार्टीबाट विजयी भएका छन् ।
रास्वपाबाट प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सांसद निर्वाचित भएका छन् । नेपाली कांग्रेसबाट ३८, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट २५, नेपाली कम्युनिष्ट पार्टीबाट १७, श्रम संस्कृति पार्टीबाट सात र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट पाँच तथा एक स्वतन्त्र सांसद निर्वाचित भएका छन् । नेपालको संविधानको धारा, ७६ मा मन्त्रिपरिषद्को गठनसम्बन्धी व्यवस्था छ । धारा, ७६ को उपधारा (१) मा ‘राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ,’ भन्ने उल्लेख छ ।
राष्ट्रिय स्वतन्त्र पार्टी वरिष्ठ नेता बालेन्द्र साहलाई प्रधानमन्त्रीका रुपमा अघि सारेर निर्वाचनमा होमिएको थियो । प्रधानमन्त्रीमा नियुक्त हुन प्रतिनिधिसभा सदस्य र संसदीय दलको नेता हुनुपर्ने संवैधानिक बाध्यता छ । वरिष्ठ नेता शाहलाई संसदीय दलको नेताका अघि सार्ने रास्वपाको तयारी छ । रास्वपा एक्लैका तर्फबाट संसद्मा झन्डै दुई तिहाइ सांसद रहेकाले संविधानको धारा, ७६ (१) अनुसार संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुने कानुनविद्को भनाइ छ ।
प्रतिनिधिसभाका ज्येष्ठ सदस्यले राष्ट्रपतिसमक्ष शपथ लिने र ज्येष्ठ सदस्यले सांसदहरुलाई शपथ गराउने कानुनी व्यवस्था छ । सांसदको शपथपछि संसदीय दलको नेता चयन हुने र त्यसपछि संसद्मा बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीका रुपमा नियुक्त गर्ने संवैधानिक व्यवस्था हो, संवैधानिक कानुनका ज्ञाता डा खिमलाल देवकोटाले भने,त्यसपछि प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तार गर्नुहुन्छ ।
नेपालको संविधान जारी भएपछि पहिलोपटक धारा ७६ को उपधारा (१) अन्तर्गत एकल बमुहमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्री नियुक्ति हुन लागेको हो । एकै दलको बहुमत नआएको अवस्थामा धारा ७६ (२) अनुसार दुई वा दुईभन्दा बढी दलको संयुक्त सरकार गठन हुने प्रयोजनका लागि राष्ट्रपतिले आह्वान गर्ने हो, डा देवकोटाले भने, अहिले त्यो अवस्थामा जानु परेन, राष्ट्रपतिले ७६ (१) अनुसार बहुमत प्राप्त संसदीय दलका नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने हो ।
सङ्घीय संसद् सचिवालयले यही चैत १२ गते नवनिर्वाचित सांसदहरुलाई पद तथा गोपनीयताको शपथ गराउने तयारी गरेको छ । संसद् सचिवालयले आजै छवटा राजनीतिक दलका प्रतिनिधिसँग अनौपचारिक छलफल गर्दैछ । छलफलमा सांसदको शपथ, अभिमुखीकरण, संसदीय दलका बारेमा कुराकानी हुनेछ । निर्वाचनको नतिजा प्रकाशन भएको सात दिनभित्र राष्ट्रपतिसमक्ष निर्वाचन आयोगले प्रतिवेदन पेस गर्ने व्यवस्था छ । आयोगले आज समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० सांसदलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ ।
निर्वाचन सम्पन्न भएको ३० दिनभित्र राष्ट्रपतिले प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्नुपर्ने कानुनी व्यवस्था रहेको डा देवकोटाले बताए । संविधानको धारा, ९३ (१) मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिनाभित्र राष्ट्रपतिले सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ । उपधारा (१)मा लेखिएको छ, ‘राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नेछ । त्यसपछि यस संविधानबमोजिम राष्ट्रपतिले समयसमयमा दुबै वा कुनै सदनको अधिवेशन आह्वान गर्नेछ । संसद्को पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने र सात दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन प्रक्रिया अघि बढ्नेछ । अबको संसद् बैठक सिंहदरबास्थित निर्माणाधीन नयाँ संसद् भवनमा बस्नेछ । रासस

# कांग्रेस सभापतिबाट गगन थापाले दिए राजीनामा




**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति गगन थापाले राजीनामा दिएका छन् । उनले निर्वाचन परिणामपछि नै पार्टी सभापतिबाट राजीनामा दिने मनस्थिति बनाएका थिए । उनलाई पार्टीभित्रैका केही नेताहरुले पनि नैतिकताका आधारमाराजीनामा दिन सुझाव दिएका थिए । उनले पार्टी उपसभापति विश्वप्रकाश शर्मालाई राजीनामा बुझाएका हुन् । राजीनामा सार्वजनिक गरिएको छैन । ‘निर्वाचनमा अप्रत्याशित नतिजाको नैतिक जिम्मेवारी लिँदै उहाँले राजीनामा दिनु भएको हो,’ सहमहामन्त्री प्रकाश रसाइलीले भने, ‘राजीनामाका विषयमा भोलि छलफल हुन्छ ।’ थापा पुस २७ देखि ३० गतेसम्म भृकुटीमण्डपमा भएको कांग्रेस विशेष महाधिवेशनबाट सभापति चयन भएका थिए । थापा आफैँ पनि प्रतिनिधि सभा निर्वाचनमा सर्लाही–४ बाट पराजित भएका थिए । आमनिर्वाचन समीक्षा गर्न नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठक शुक्रबार बस्ने छ । बैठकमा पार्टी महाधिवेशनबारे पनि छलफल हुने बताइएको छ ।

# राष्ट्रपति समक्ष निर्वाचन प्रतिवेदन पेस



**काठमाडौं ।**
राष्ट्रपति रामचन्द्र पौडेल समक्ष निर्वाचन आयोग नेपालले गत फागनु २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को प्रतिवेदन पेस गरेको छ ।
राष्ट्रपति पौडेल समक्ष राष्ट्रपति भवन शितल निवासमा आज आयोजित कार्यक्रममा आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले सो प्रतिवेदन पेस गरेका हुन् ।
सो अवसरमा राष्ट्रपति पौडेलले कठिन र जटिल परिस्थितिमा पनि मन, वचन र कर्मले अहोरात्र लागीपरी निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा खुशी प्रकट गरे । उनले निर्वाचन सफलतापूर्वक सम्पन्न गराएकोमा निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारीसहित सम्बद्ध सबै पक्षलाई धन्यवाद व्यक्त गरे । ’फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गरी आयोगले आफ्नो जिम्मेवारी सफलतापूर्वक पूरा गरेको छ, जसले निर्वाचन आयोग र निर्वाचन प्रणालीप्रति आम नागरिकको विश्वास अभिवृद्धि भई लोकतन्त्र अझ मजबुत भएको मैले अनुभूत गरेको छु,’ राष्ट्रपति पौडेलले भने । रासस

# समानुपातिक सांसदलाई प्रमाणपत्र वितरण

**काठमाडौं ।**
गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० जना सांसदलाई प्रमाणपत्र वितरण गरिएको छ । निर्वाचन आयोगले बिहिबार केन्द्रीय कार्यालय बहादुर भवनमा आयोजना गरेको कार्यक्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा. जानकीकुमारी तुलाधर र सगुनशमशेर जबराले टीका एवं फूलमालाले स्वागत गरेका थिए ।
आयोगका सचिव एवं समानुपातिक प्रणालीतर्फका निर्वाचन अधिकृत कृष्णबहादुर राउतले प्रमाणपत्र वितरण गरेका हुन् । समानुपातिक



निर्वाचनतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट ५७ सांसद निर्वाचित भएका छन् । यसैगरी नेपाली कांग्रेसबाट २०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माक्र्सवादी लेनिवादी) बाट १६, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट ९, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट चार–चारजना सांसद निर्वाचित भएको आयोगले चैत २ गते सोमबार नै घोषणा गरिसकेको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ रास्वपा १२५, कांग्रेस १८, एमाले ९, नेकपा ८, श्रम संस्कृति पार्टी ३, राप्रपा र स्वतन्त्र १–१ स्थानमा निर्वाचित भएका छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी प्रतिनिधिसभामा कुल २७५ जना सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था रहेको छ । रासस

# व्यावसायिक खेतीबाट वार्षिक ३० लाख आम्दानी



**म्याग्दी ।**
म्याग्दीका किसानले व्यावसायिक खेतीबाट वार्षिक ३० लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् । यहाँका किसानले बेमौसमी तरकारी, फलफूललगायत खेती गरेर वार्षिक ३० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएका हुन् । जिल्लाको बेनी नगरपालिका–२ लभ्लीहिलका चन्द्रबहादुर कार्की, खबराका सोभित शर्मा, भकिम्लीका टेकबहादुर घर्ती, मरेकका इन्द्र थापा, बासकुनाका तिलक गुरुङ, मङ्गला गाउँपालिका–३ का सन्तनाथ सापकोटालगायत जिल्लाका कैयौँ किसानले तरकारी र फलफूल खेतीमार्फत गाउँमा समृद्धिको नयाँ इतिहास रचेका छन् ।

बेनी–२ का कार्कीले नौ रोपनी जमिनमा मौसमी र बेमौसमी तरकारी उत्पादन गर्दै वार्षिक ३० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएको बताए । उनले धान फल्ने खेत र कोदो झुल्ने बारीभरि तरकारी र फलफूल खेती गरेको बताए ।

आफ्नो कमाइबाट बेनी बजार र गाउँमा घर बनाएको कार्कीको भनाइ छ । किसानको कठिनाइबीच मल, बीउ, पानी र बजारको समस्या समाधान गर्दै दिनरात मेहनत गरेका कार्कीको बारीमा साग, बन्दाकोबी, प्याज, लसुन, मुला, गाजर, धनियाँलगायत मौसमी तथा बेमौसमी तरकारी छन् ।

६५ वर्षिय कार्की जहिले पनि खेतबारीको माटोसँग खेलिरहेको देख्न सकिन्छ । राष्ट्रकवि माधवप्रसाद घिमिरेको कविताका अंश ‘ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पिपल’ जस्तै उनको जीवन पनि सिर्जनात्मक श्रमको प्रत्यक्ष उदाहरण बनेको बेनी नगरपालिका–२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताए । कार्कीको सफलताले युवालाई विदेश जानुभन्दा गाउँमा बसेर मेहनत गर्न प्रेरणा दिएको छ । स्थानीय कृषक तेजेन्द्र कार्कीले भने, कार्की दाइको पसिनाले माटोमा सुन फलाएको छ । उहाँको खेतबारी जापान, कोरिया वा अमेरिका जस्तै भएका छन् ।

पत्रकार महासङ्घ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतमका अनुसार कार्कीको मिहिनेतले गाउँमा पैसाको प्रवाह बढाएको छ भने स्थानीय बजारमा तरकारी आपूर्ति सहज बनाएको छ । व्यापारीको कारोबार बढ्दा कतिपय युवाले गाउँमा रोजगारी पाउन थालेका उनको भनाइ छ । अध्यक्ष गौतमले भने, जिल्लाका अधिकांश किसान पछिल्लो समय तरकारी र फलफूलको व्यवसायिक खेती गरी मनग्ये आम्दानी गर्दै आउनुभएको छ । सिजनमा सुन्तला बेचेर रु पाँच लाखदेखि रु ४० लाख आम्दानी गर्ने किसान पनि जिल्लामा हुनुहुन्छ ।

तरकारी र फलफूलबाट विदेशमा भन्दा बढी कमाइ गर्न सकिने प्रशस्त उदाहरण म्याग्दीमा देखिन्छन् ।

कार्कीले रासायनिक मल र विषादी प्रयोग नगरी शुद्ध, आग्र्यानिक तरकारी उत्पादनलाई प्राथमिकता दिएका छन् । यसले उपभोक्ताको विश्वास जितेको उनको भनाइ छ । बेनी बजारका व्यवसायी टीकाबहादुर पाण्डेले भने, स्वास्थ्यप्रति सचेत उपभोक्ताले कार्की दाइको उत्पादनलाई प्राथमिकता दिन थालेका छन् ।

जिल्लाका किसानले तरकारी र फलफूल खेतीबाट पाएको यो सफलता व्यक्तिगत सफलता मात्रै नभएर सामुदायिक समृद्धिको कथा भएको बताउँछन् । यहाँका किसानको यो उदाहरणीय मिहिनेतले गाउँमा आर्थिक पाटो चलायमान बनाउन, रोजगारी सिर्जना गर्न, समृद्धिका पक्षमा सकारात्मक सन्देश दिएको उद्योग वाणिज्य संघ म्याग्दीका अध्यक्ष सुविन श्रेष्ठले बताए । रासस

# अनुतिन पुनः थाइल्यान्डका प्रधानमन्त्री

**बैङ्कक ।**
क्षेत्रीय तनाव, सुस्त अर्थतन्त्र र आन्तरिक राजनीतिक उतारचढावबीच थाइल्यान्डको नयाँ संसद्ले अनुतिन चार्नभिराकुललाई पुनः प्रधानमन्त्रीमा निर्वाचित गरेको छ । यसले देशलाई जटिल चुनौतीहरूको सामना गर्दै नयाँ राजनीतिक चरणमा प्रवेश गराएको छ । संसदीय मतदानमा उनले आवश्यक २५० मतको सीमा पार गर्दै स्पष्ट समर्थन हासिल गरेको अन्तराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

मतदानअघि सञ्चारकर्मीसँग कुरा गर्दै अनुतिनले आफू सकेसम्म लामो समयसम्म जनताको सेवा गर्ने अवस्थामा रहने आशा व्यक्त गरेका थिए । जनतालाई असर गर्ने कुनै पनि समस्या आएमा तुरुन्त प्रतिक्रिया दिने प्रतिबद्धता व्यक्त गर्दै उनले आफ्नो नेतृत्वलाई व्यावहारिक र उत्तरदायी बनाउने संकेत गरे ।

अनुतिन नेतृत्वको भूमजाइथाई पार्टीले फेब्रुअरीमा सम्पन्न निर्वाचनमा उल्लेखनीय सफलता हासिल गरेको थियो । कम्बोडियासँगको सीमा तनाव र त्यस क्रममा भएका घातक झडपपछि राष्ट्रवाद र सुरक्षा मुद्दालाई प्राथमिकतामा राख्दै पार्टीले सीमामा पर्खाल निर्माण, सीमा नाकाहरू बन्द राख्ने तथा एक लाख स्वयंसेवक सैनिक भर्ती गर्ने जस्ता कडा एजेन्डा अघि सारेको थियो । यही रणनीतिले पार्टीलाई सबैभन्दा ठूलो दल बनाउँदै सरकार गठनको अग्रस्थानमा पु¥याएको हो ।

तेस्रो स्थानमा सीमित भएको पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको फेउ थाई पार्टी १४ साना दलहरूसहित गठबन्धनमा सहभागी हुँदै अनुतिनलाई समर्थन गर्न सहमत भएको थियो । यस गठबन्धनको समर्थनपछि संसद्ले औपचारिक रूपमा उनलाई प्रधानमन्त्रीमा निर्वाचित गरेको हो । पारिवारिक निर्माण व्यवसायबाट करोडपति बन ५९ वर्षीय अनुतिन यसअघि पनि प्रधानमन्त्री भइसकेका थिए । उनका पूर्ववर्ती थाक्सिनकी छोरी पेटोङ्तार्न सिनावात्रा अदालतको आदेशपछि पदमुक्त भएपछि अनुतिन सत्तामा आएका थिए । पेटोङ्तार्नसँग सम्बन्धित एक चुहावट भएको टेलिफोन संवादले ठूलो राजनीतिक विवाद निम्त्याएको थियो, जसमा उनले कम्बोडियाका पूर्वनेता हुन सेनलाई ‘काका’ भनेर सम्बोधन गरेको र एक थाई सैन्य कमान्डरलाई ‘प्रतिद्वन्द्वी’ भनेको सार्वजनिक भएपछि व्यापक आलोचना भएको थियो ।

त्यस घटनापछि अनुतिनले भूमजाइथाईलाई तत्कालीन गठबन्धनबाट अलग गरेसँगै सरकार ढलेको थियो र त्यसपछि उहाँ पुनः प्रधानमन्त्रीमा निर्वाचित भएका हुन् । यसबीच, सुधारवादी पिपुल्स पार्टीले अपेक्षाभन्दा कमजोर प्रदर्शन गर्दै दोस्रो स्थानमा सीमित भएपछि विपक्षीको भूमिका निर्वाह गर्नेछ । तर उक्त पार्टीका नेता नात्थाफोङ रुएङपान्यावुटसहित १० सांसद शाही अपमानसम्बन्धी कानूनमा सुधारको प्रयासका कारण नैतिक उल्लङ्घनको आरोपमा कारबाहीको जोखिममा परेका छन् ।


विपक्षी नेता नात्थाफोङले आफूलाई प्रधानमन्त्रीका लागि मनोनयन गरिएको विषयलाई सरकार गठनको प्रतिस्पर्धा नभई संसदीय प्रक्रियामार्फत जनतासँग प्रभावकारी संवाद गर्ने अवसरका रूपमा लिएको बताए । नयाँ सरकारका सामु चुनौतीहरू गम्भीर छन् । थाइल्यान्डको आर्थिक वृद्धि गत वर्ष सुस्त रह्यो भने पर्यटन क्षेत्र अझै पूर्ण रूपमा पुनरुत्थान हुन सकेको छैन । यसैबीच, भियतनामले तीव्र रूपमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्दै प्रतिस्पर्धा बढाएको छ । मध्यपूर्वमा इरानमाथि भएको इजरायली–अमेरिकी आक्रमणपछि सुरु भएको युद्धले विश्व बजार अस्थिर बनाएको छ । यसको प्रभाव थाइल्यान्डमा पनि इन्धन मूल्य वृद्धि र आपूर्ति अवरोधका रूपमा देखिएको छ ।

अनुतिनले भने उक्त संकटलाई थाइल्यान्डका लागि अवसरमा परिणत गर्ने प्रतिबद्धता जनाएका थिए । तर विश्लेषकहरूका अनुसार सरकारले अहिलेसम्म इन्धनको मूल्य नियन्त्रण गर्न ठोस कदम चाल्न सकेको छैन । राजनीतिक विश्लेषक युटापोर्न इसाराचाईका अनुसार सरकारका कदमहरू अझै ‘अस्थायी समाधान’ मा सीमित छन्, जस्तै घरबाट काम गर्ने व्यवस्था लागू गर्नु ।

कम्बोडियासँगको लामो सीमा विवाद पनि अर्को संवेदनशील विषयका रूपमा रहेको छ । यद्यपि हाल नाजुक युद्धविराम कायम छ, ८०० किलोमिटर लामो सीमा अझै पूर्ण रूपमा निश्चित भइसकेको छैन । प्रधानमन्त्री बनेलगत्तै अनुतिनले सशस्त्र सेनालाई सीमामा आवश्यक ठानेको कारबाही गर्न अधिकार दिनुभएको थियो र थाई सेनाले पछिल्लो झडपपछि केही विवादित क्षेत्र नियन्त्रणमा लिएको जनाएको छ । यद्यपि, विश्लेषकहरूका अनुसार अहिले मतदाताको ध्यान मुख्यतः आर्थिक समस्यातर्फ केन्द्रित भएको छ । बढ्दो महँगी, इन्धन संकट र रोजगारीका चुनौतीबीच अर्थतन्त्र नै जनताको सबैभन्दा ठूलो चिन्ता बनेको छ, जसले अनुतिन नेतृत्वको नयाँ सरकारको सफलताको प्रमुख परीक्षा तय गर्नेछ । रासस

# पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै ‘सुन गुफा’

**गण्डकी ।**
पर्यटकीय राजधानी पोखरा गुफाहरूको सहर पनि हो । यहाँस्थित महेन्द्र, चमेरे, गुप्तेश्वर महादेवलगायत गुफाहरूले पर्यटकीय आकर्षण बढाएका छन् । विभिन्न रहस्यात्मक गुफाका कारण पोखरा आउने पर्यटकको बसाइँसमेत लम्ब्याइरहेको अवस्थामा पोखरा महानगरपालिका–३३ भरतपोखरीको तिक्लाङस्थित सुन गुफालाई अर्को नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न यतिखेर यहाँका स्थानीयवासी सक्रिय बनेका छन् ।



करिब डेढ किलोमिटर लामो अनुमान गरिएको उक्त गुफा तिक्लाङ खेलमैदानको बीचबाट सेती नदीको तिरस्थित चुनेपहरोसम्म रहेको स्थानीयवासी बताउँछन् । स्थानीयहरू यस गुफाका सम्बन्धमा धेरै पहिलादेखि जानकार भए पनि यसको पर्यटकीय उपयोगप्रतिको चासो भने विस्तारै विकसित भएको चुने पहरा सुन गुफा संरक्षण समितिका अध्यक्ष सङ्गीत बानियाँले बताए । गुफाको संरक्षण र विकाससँगै यसको माध्यमबाट पर्यटन प्रवद्र्धन गर्न तत्कालीन पर्यटनमन्त्री स्व रवीन्द्र अधिकारीले चासो दिएको उनले जानकारी दिए । स्व अधिकारीका साथै उनीपछि यहाँका प्रतिनिधिसभा सदस्य विद्या भट्टराई, तत्कालीन वडाध्यक्ष शिवप्रसाद आचार्य हुँदै वर्तमान वडाध्यक्ष रामचन्द्र अधिकारीले यस गुफाको प्रवद्र्धन र विकासका लागि सहयोग गर्दै आएको अध्यक्ष बानियाँले उल्लेख गरे । पछिल्ला वर्षमा यसको पूर्वाधार विकासतर्फ पनि राज्यको चासो बढिरहेको बताउँदै उनले हालसम्म सङ्घीय र स्थानीय बजेट गरी करिब रु ५० लाख बराबरको पूर्वाधार विकासका क्षेत्रमा काम भइसकेको जानकारी दिए ।

गुफाको संरक्षण, प्रवद्र्धन र विकासका लागि विसं २०७६ मा कार्यालय भवन निर्माण गरिसकिएको जनाउँदै अध्यक्ष बानियाँले गुफाको प्रवेशद्वारसहित परिसरको व्यवस्थापन, सिँढी बाटो निर्माणलगायत कामहरू सम्पन्न भइसकेका उल्लेख गरे । गुफासमेत समेटिएको करिब ३० रोपनी क्षेत्रफल जग्गा रहेको बताउँदै उनले यसको पर्यटकीय उपयोग गर्ने सोच राखिएको जानकारी दिए । उनका अनुसार रहस्यात्मक गुफाभित्र प्राकृतिक रूपमा बनेका विभिन्न आकृतिसँगै ठूलो सङ्ख्यामा रहेका चमेरा अवलोकन गर्न सकिन्छ ।

पूर्वाधार विकासलाई प्राथमिकतामा राखी काम भइरहेको बताउँदै अध्यक्ष बानियाँले गुफा प्रवेशका लागि बिजुलीबत्तीको व्यवस्थापनसहित शौचालयलगायत पूर्वाधार निर्माण सम्पन्न गर्दै पर्यटकका लागि औपचारिक रूपमा खुला गर्ने सोच बनाइएको जानकारी दिए । गुफासहित यस परिसर प्राचीनकालदेखि धार्मिक रूपमा महत्वपूर्णस्थल रहेको उनको भनाइ छ ।

पृथ्वीराजमार्गअन्तर्गत पोखरा महानगरपालिका–३० पावरहाउसबाट करिब १० मिनेटको हिँडाइमा पुग्न सकिने यो गुफा पोखराको मुख्य बजारबाट सार्वजनिक यातायातबाट सहज रूपमा आउनजान सकिन्छ । गुफाभन्दा माथि रहेको तिक्लाङ चोकसम्म पोखरा महानगरका सार्वजनिक बसहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन् । पछिल्ला समयमा कृषि पर्यटनको आकर्षक केन्द्रसमेत भएको तिक्लाङसहित समग्र बागमारा क्षेत्र दूधको सहरका रूपमा पनि प्रसिद्ध छ । गुफा अवलोकन गर्न आउने पोखरा र आसपासका आन्तरिक पर्यटकले यस क्षेत्रमा उत्पादित दूध तरकारी आदि कोसेलीका रूपमा लैजान सक्छन् ।

पोखराको दोभिल्ला हुँदै पुडिटारसम्म विश्व बैंकको सहयोगमा बनेको फराकिलो सडकका कारण पनि यहाँको मुहार फेरिएको स्थानीय बताउँछन् । गुफासहित यस क्षेत्रको पर्यटकीय विकासलाई वडाले प्राथमिकतामा राखेको पोखरा–३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीले बताए । ‘हामीले यस क्षेत्रका हरेक सम्भावनालाई उजागर गर्न खोजेका छौँ’, उनले भने, ‘सुन गुफाको प्रवद्र्धनसँगै यहाँका कृषि पर्यटनका हरेक सम्भावनालाई पनि सँगसँगै लैजाने हाम्रो लक्ष्य छ ।’

सुन गुफा धेरै पर्यटकीय सम्भावना भएको गन्तव्यका रूपमा रहेको बताउने युवा पदम थापाले यसको पर्यटकीय उपयोगमा सबैको चासो पुग्नुपर्नेमा जोड दिए । यसको संरक्षण, प्रवद्र्धन र प्रचारप्रसार हुनसकेमा आन्तरिक पर्यटनको विकाससँगै पोखरा आउने विदेशी पर्यटकको बसाइँ लम्ब्याउन पनि सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे । ‘गुफा अवलोकनका लागि पर्यटकको आगमन बढाउन सकेमा त्यसले यहाँका स्थानीयको रोजगारी अभिवृद्धिमा पनि महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ’, उनले भने, ‘बढ्दो पर्यटकको आगमनले यहाँका उत्पादनको बजारीकरणमा पनि सहयोग पुग्ने भएकाले अर्थतन्त्र चलायमान बनाउनसमेत गुफाको पर्यटकीय उपयोग आवश्यक छ ।’ रासस

# होर्मुज अवरोधले खाडी क्षेत्रमा महँगी चर्कियो

**तेहरान ।**
पश्चिम एसियामा जारी युद्धका कारण रणनीतिक स्ट्रेट अफ होर्मुज अवरुद्ध भएपछि खाडी मुलुकहरूमा खाद्य आपूर्ति प्रणालीमा गम्भीर दबाब परेको छ । यसको प्रत्यक्ष असर उपभोक्ता मूल्यमा देखिन थालेको छ । बजारमा वस्तुको अभाव नभए पनि मूल्य तीव्र रूपमा बढ्न थालेपछि दैनिक जीवनयापन महँगिएको छ ।



बहराइनका एक उपभोक्ता महमुद अलीले सुपरमार्केटमा सामान सहजै पाइए पनि पछिल्ला दिनहरूमा केही खाद्य वस्तुको मूल्य उल्लेखनीय रूपमा बढेको बताए । उनका अनुसार विशेष गरी मासुको मूल्य झन्डै दोब्बर भएको छ । खाडीका अधिकांश देशहरूजस्तै बहराइन पनि खाद्य आपूर्तिका लागि आयातमा निर्भर रहेकाले आपूर्ति मार्गमा आएको अवरोधले सिधै मूल्यमा असर पारेको हो । फेब्रुअरी २८ मा इरानविरुद्ध सुरु भएको इजरायल–अमेरिका आक्रमणपछि क्षेत्रीय द्वन्द्व चर्किंदा होर्मुज जलडमरू हुँदै हुने ढुवानी लगभग ठप्प भएको छ । यसले संयुक्त अरब इमिरेट्स, कतार, कुवेत र बहराइनका प्रमुख बन्दरगाहहरूमा कार्गो प्रशोधन या त स्थगित भएको छ वा उल्लेखनीय रूपमा घटाइएको छ ।

अर्थशास्त्री फ्रेडरिक स्नाइडरका अनुसार निरन्तर ड्रोन र क्षेप्यास्त्र आक्रमणका कारण हवाई ढुवानी पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन । यस अवस्थाले खाडीका प्रमुख समुद्री प्रवेशद्वारहरू प्रभावहीन बनेका छन् । अबु धाबीका बन्दरगाह, दुबईको जेबेल अली र साउदी अरबको दम्माम जस्ता केन्द्रहरूमा आवागमन अवरुद्धजस्तै भएको छ भने जहाजहरू ओमान तथा स्ट्रेटको दक्षिणतर्फका वैकल्पिक बन्दरगाहतर्फ मोडिएका छन् ।

साउदी अरेबियाले भने खुला हवाई क्षेत्र र लाल सागरका बन्दरगाहमार्फत आफूलाई वैकल्पिक आपूर्ति केन्द्रका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ । ट्राफिक अवरोध समाधान गर्न साउदी अरबले पूर्वी बन्दरगाहबाट डाइभर्ट गरिएका कार्गो व्यवस्थापनका लागि नयाँ रसद मार्ग र सञ्चालन कोरिडोर थप्ने पहल सुरु गरेको जनाएको छ ।

कतारतर्फ जाने सीमाक्षेत्रमा भारी ट्रकहरूको आवागमन बढेको देखिएको छ, जसले भूमि मार्गको प्रयोग बढ्दै गएको सङ्केत गर्छ । यद्यपि, सिरिया वा जोर्डन हुँदै भूमध्यसागर जोड्ने स्थलमार्गहरू सीमित, महँगा र अपर्याप्त भएको विज्ञहरूको भनाइ छ । विशेष गरी ताजा खाद्य सामग्रीहरू सबैभन्दा बढी प्रभावित भएका छन्, किनकि ती प्रायः एसियाबाट आयात गरिन्छन् र लामो समयसम्म भण्डारण गर्न सकिँदैन । यस्तो अवस्थामा खाडी मुलुकहरूको तयारी फरक–फरक देखिएको छ ।

साउदी अरेबियासँग लाल सागरमार्फत वैकल्पिक पहुँच छ भने संयुक्त अरब इमिरेट्सले चारदेखि छ महिनासम्म पुग्ने भण्डार रहेको जनाएको छ । सन् २०१७ को नाकाबन्दीपछि कतारले पनि रणनीतिक भण्डारणमा उल्लेखनीय लगानी गरेको थियो । तर बहराइन र कुवेतजस्ता देशहरूले भने प्रत्यक्ष प्रभाव महसुस गर्न थालेका छन् । कुवेतमा प्रारम्भिक दिनमै सुपरमार्केटहरूमा भीड बढेपछि सरकारले केही आधारभूत वस्तुको मूल्य नियन्त्रण र अनुदानित मासु आयात स्थगित गर्ने कदम चालेको थियो ।

कुवेती अधिकारीका अनुसार समग्र मूल्य स्थिर देखिए पनि मासु र माछाको मूल्य ३० प्रतिशतभन्दा बढीले बढेको छ, जसको कारण माछा मार्ने गतिविधि रोकिनु र इरान, भारत तथा पाकिस्तानबाट आयात अवरुद्ध हुनु हो । निजी क्षेत्रले पनि आपूर्ति व्यवस्थापन गर्न प्रयास गरिरहेको छ । लुलु रिटेल चेनले गैर–नाशवान वस्तुहरूको चारदेखि छ महिनासम्म पुग्ने भण्डार राखेको र ताजा खाद्य सामग्री ल्याउन विशेष उडान सञ्चालन गरिरहेको जनाएको छ । कम्पनीका अनुसार हालसम्म ३७ वटा चार्टर्ड उडानमार्फत छ हजार टनभन्दा बढी ताजा सामग्री आयात गरिएको छ र यसबाट उत्पन्न अतिरिक्त लागत तत्काल उपभोक्तामा नथोपारिएको बताइएको छ ।

विश्लेषक स्नाइडरका अनुसार अहिले मूल्य वृद्धि नियन्त्रणमै देखिए पनि युद्ध लामो समयसम्म जारी रहे आयातित खाद्य सामग्रीको मूल्य अझ बढ्ने ठोस जोखिम रहेको छ । त्यसैले होर्मुज अवरोध केवल सामरिक सङ्कट मात्र नभई खाडी क्षेत्रका लागि खाद्य सुरक्षासँग जोडिएको दीर्घकालीन चुनौतीका रूपमा उभिएको देखिएको छ । रासस

# विदेशी खेलाडीलाई श्रम स्वीकृति लिनुपर्ने



**काठमाडौं ।**
अध्यागमन विभागले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई कुनै पनि खेलमा विदेशी खेलाडीलाई समावेश गराउँदा कार्य सहमति र श्रम स्वीकृति लिएर मात्र सहभागी गराउन अनुरोध छ ।

अध्यागमन विभागले बिहीबार प्रेस विज्ञप्ति सार्वजनिक गर्दै एन्फाबाट सञ्चालित राष्ट्रिय महिला र पुरुष लिग फुटबल प्रतियोगितामा सहभागी भएका फुटबल क्लबहरूले पर्यटक भिसा लिएका विभिन्न मुलुकका विदेशी खेलाडीहरूलाई समावेश नगराउन आग्रह गरेको हो ।

‘एन्फाबाट सञ्चालन भएको राष्ट्रिय महिलारपुरुष लिग फुटबल खेलमा सहभागी भएका फुटबल क्लबहरूले पर्यटक भिसा लिएका विभिन्न मुलुकका विदेशी खेलाडीलाई समेत समावेश गरेको भन्ने व्यहोराको उजुरी यस विभागमा प्राप्त हुन आएको छ ।

तसर्थ कुनै पनि खेलमा विदेशी खेलाडीहरुलाई समावेश गराउनुपर्ने भएमा नियमानुसार कार्य सहमति र श्रम स्वीकृति लिएर मात्र सहभागी गराउनुहुन अनुरोध छ । विज्ञप्तिमा उल्लेख गरेको छ ।

विभागले यस विषयमा आजैदेखि अनुगमन प्रारम्भ गरेको समेत जनाएको छ । स्वीकृति नलिएका विदेशी खेलाडीहरु भिसाको उद्देश्य विपरीत कुनै पनि खेलमा सहभागी भएको पाएमा तत्काल कारबाही अगाडि बढाइने विज्ञप्तिमा जनाएको छ । रासस

# वन डढेलो रोक्न सचेतना सप्ताह सुरु



**नवलपरासी ।** नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि वन डढेलो सचेतना सप्ताह सञ्चालन गरिएको छ । सुक्खा मौसम सुरु भएसँगै वनमा डढेलोको जोखिम बढ्ने हुँदा त्यसको रोकथामका लागि जनमानसमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक वर्ष विशेष अभियान सञ्चालन गर्ने गरिएको हो । वन डढेलो व्यवस्थापनका लागि निरोधात्मक उपाय अवलम्बन गर्दै वन डढेलोबाट हुने जन, धन र वनको क्षति न्यूनीकरण गर्नका लागि आगामी चैत ७ गतेसम्म 'वन डढेलो सचेतना सप्ताह' कार्यक्रम सञ्चालन गरिने डिभिजन वन कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख विष्णुप्रसाद अधिकारीले बताए ।

जसअन्तर्गत समुदायमा वन डढेलो रोकथामसम्बन्धी सचेतना गर्ने, फायर लाइन रेखा सफा गर्ने, डेमो गराउने, पातपतिङ्गरहरू हटाउने तथा जलाउनेलगायतका कार्य सञ्चालन गरिने भएको छ ।

कार्यालयले समुदाय, वन कर्मचारी तथा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गर्दै सप्ताहव्यापी रूपमा कार्यक्रमलाई अगाडि बढाउने कार्यालय प्रमुख अधिकारीले बताए । प्रत्येक वर्ष चैत १ देखि ७ गतेसम्म सचेतना मूलक रूपमा सप्ताहव्यापी कार्यक्रम गर्ने गरिएको छ, उनले भने, सप्ताहव्यापी कार्यक्रमअन्तर्गत राजमार्ग सडक तथा भित्री सडक छेउछाउको पातपतिङ्गर हटाउने, सरसफाइ गर्ने र पूर्वतयारीका कार्यक्रम सञ्चालन गरिने छ । वनमा डढेलो लाग्न नदिन सबै नागरिकलाई सचेत हुन डिभिजन वन कार्यालयले आग्रह गरेको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व)का अधिकांश सामुदायिक वनहरू डढेलोको उच्च जोखिममा रहेकाले सबैलाई सतर्क र सुरक्षा अपनाउन डिभिजन वन कार्यालय प्रमुख अधिकारीले आग्रह गरे ।

वनजङ्गलमा सुक्खा मौसमको समयमा लाग्ने आगलागी तथा डढेलोबाट हुन सक्ने नोक्सानी र डढेलो लाग्नै नदिने उपायबारे सरोकारवालाहरुलाई जानकारी गराउन अभियान सञ्चालन गरेका हौँ,उनले भने, जिल्लामा वन डढेलोका कारण हुने गरेको क्षति, प्रभाव, वन डढेलोबाट वन जोगाउन खेल्नुपर्ने भूमिका र यसका चुनौतीका विषयमा व्यापक रुपमा सूचित गरिने छ ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा २१० वटा सामुदायिक वन, १८१ वटा कबुलियती वन, नौ वटा धार्मिक वन र एकवटा साझेदारी वन रहेको डिभिजन वन कार्यालयका सूचना अधिकारी सुवास अधिकारीले बताए । जिल्लामा ५७ दशमलव ५२ प्रतिशत भूभाग वनजङ्गलले ढाकेको छ । आर्थिक वर्ष २०८१÷८२ मा जिल्लाको कुल ७१ ठाउँमा वन डढेलो लाग्दा दुई हजार १५० हेक्टर वन क्षेत्रमा क्षति भएको अनुमान गरिएको छ, उनले भने, आर्थिक वर्ष २०८०/८१ मा १८१ ठाउँमा वन डढेलो लाग्दा पाँच हजार २८९ दशमलव ६५ हेक्टर वन क्षेत्रमा क्षति भएको थियो ।

नेपालमा मानवीय कारणले गर्दा बढी वन डढेलो हुने गरेको तथ्याङ्कमा देखिएको छ । मानवीय कारणले ९६ प्रतिशत, प्राकृतिक कारणले एक प्रतिशत र चार प्रतिशत बन डढेलोका कारण थाहा नभएको अधिकारीले जानकारी दिए । घाँस पलाउने, च्याउ आउने भन्ने धारणका कारण वनमा आगो लगाउने, वन्यजन्तुको सिकारका लागि समेत कतिपयले वनमा जानाजान आगो लगाउने गर्दा ठूलो वन विनाश हुने गरेकाले समुदायले यस्ता प्रवृत्तिको रोकथामका लागि काम गर्नुपर्ने देखिन्छ, उनले भने ।

डढेलोले जन, धन, वन र जैविक विविधता तथा पारिस्थितिक प्रणालीमा समेत क्षति गर्ने हुँदा यसको रोकथाममा उपभोक्ता, वन हेरालु र वन उपभोक्ताको उपसमिति, नेपाली सेनासँग सहकार्य गरी अभियान सञ्चालन गरिएको हो । नेपालमा प्रत्येक वर्षको चैत १ देखि ७ गते सम्म 'वन डढेलो सचेतना सप्ताह' र वैशाख १ देखि ७ गतेसम्म 'वन्यजन्तु संरक्षण सप्ताह'का रूपमा मनाउने गरिएको छ । रासस

# कम्बोडियाबाट २० नेपालीको उद्धार



**काठमाडौँ ।** कम्बोडियामा अनलाइन ठगीलगायत गैर कानुनी काममा लगाइएका र बिनाभिसा बसिरहेका २० नेपालीलाई उद्धार गरी स्वेदश फर्काइएको छ । थाइल्याण्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी उनीहरुलाई आज स्वदेश फर्काइएको हो । विभिन्न व्यक्तिको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैध रूपमा सञ्चालन गरिएका 'अनलाइन स्क्यामिङ' केन्द्र र क्यासिनोहरूमा अनलाइन ठगीमा परेका उनीहरुलाई अन्य गैरकानुनी काममासमेत लगाइएको थियो ।

कम्बोडियामा नेपाली नागरिक अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिनाभिसा वा भिसा–अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ । स्क्यामिङ केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी धेरैको गुनासो आएको दूतावासले जनाएको छ ।

त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैंककले उद्धार गर्न बिनाशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको छ ।

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्याङ्कअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ जना नेपाली भ्रमण भिसामा कम्बोडिया गएकोमा सन् २०२२ मा एक हजार ९७७, सन् २०२३ मा दुई हजार ९४०, सन् २०२४ मा छ हजार ४०४ तथा सन् २०२५ मा नौ हजार ६७६ जना नेपाली कम्बोडिया गएको देखिन्छ ।

नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यानमार, थाइल्याण्डलगायतका मुलुकमा भ्रमणको बहानामा वैदेशिक रोजगारीमा नआउन पनि राजदूतावासले सबैमा अनुरोध गरेको छ । रासस

# बागलुङमा ११ सडक धमाधम स्तरोन्नति हुँदै



**बागलुङ ।** बागलुङमा आधा अर्बको लागतमा साना–ठूला ११ सडक आयोजना धमाधम स्तरोन्नति भइरहेका छन् । सडक डिभिजन कार्यालयअन्तर्गत दुई करोडदेखि २५ करोडसम्मका ११ सडक स्तरोन्नति भइरहेको जिल्ला सडक डिभिजन कार्यालयले जनाएको छ । २०७९ सालमा ठेक्का सम्झौता भएको गलकोट नगरपालिकाको हरिचौर–मल्म–पाण्डवखानी–रमुवा–भिमगिठे–निसीखोला सडक २५ करोड लागतमा कालोपत्रका लागि स्तरोन्नति अन्तिम चरणमा पुगेको हो । कार्यालयबाट सञ्चालित सबैभन्दा ठूलो योजनाको रुपमा रहेको उक्त सडकको भौतिक प्रगति ७० प्रतिशत रहेको छ । अन्य १० सडक भने २०८१ यता मात्रै सम्झौता गरेका सडक हुन् ।

जिल्लाभर सडक डिभिजन कार्यालयमार्फत ४९ करोड ५४ लाखका ११ सडकको स्तरोन्नति भइरहेको डिभिजन सडक कार्यालय बागलुङका प्रमुख हरी सुवेदीले जानकारी दिए । सुवेदीका अनुसार अन्य योजना २०८१ पछिको सम्झौता भए पनि हरिचौर–मल्म–पाण्डवखानी सडक कालोपत्रमा ढिलाइ भइरहेको छ ।

पाखुते–बायोखोला–झिम्पा–निसी सडकखण्डमा पहिरो पन्छाउने, सडक खन्ने तथा सडक स्तरोन्नतिको काम भइरहेको छ । एक करोड ५८ लाखको लागतमा एमएस इन्द्रेणी जावला जेभीसँग सम्झौता भएर काम भइरहेको छ । उक्त सडकको भौतिक प्रगति ५५ प्रतिशत रहेको छ ।

गलकोट नगरपालिका–१० स्थित रणसिंहकिटेनी दोभानदेखि रामुवा सडकखण्डमा एक करोड ३२ लाखमा एमएसकोण्डा सर्वसिद्धी जेभीसँग २०८२ मङ्सिरमा ठेक्का सम्झौता गरी धमाधम स्तरोन्नतिको काम सुरु गरिएको छ ।

अछेते–मुल्ठाना–सिम सडक स्तरोन्नतिका लागि दुई करोड ११ लाखमा ठेक्का सम्झौता गरी काम अघिबढेको छ । हालै सुरु गरिएको उक्त सडकको भौतिक प्रगति ५५ प्रतिशत रहेको छ । फलेवास नगरपालिकाको दुल्लेबैँसी–अमरपुरी–दरौदी–सुन्तलाचौर सडक सुधारका लागि करिब दुई करोड ४३ लाखमा धमाधम सडक स्तरोन्नति भइरहेको छ । उक्त सडकको प्रगति ६० प्रतिशत पुगेको छ । उक्त सडक २०८३ असारमा हस्तान्तरण भइसक्नुपर्ने हुन्छ ।

आदर्श प्रावि डाँडाथरदेखि स्यालपाखा हुँदै भैरवस्थान जोड्ने सडकमा समेत स्तरोन्नतिको काम भइरहेको छ । दुई करोड १७ लाख लागतमा उक्त सडकको काम ५४ प्रतिशत सम्पन्न भइसकेको हो ।

मङ्गलीखोला–धाम्जा–बेलढुङ्गा–म्याग्दी सडक दुई करोड २९ लाखमा ठेक्का २०८२ पुसमा सम्झौता गरी सडक स्तरोन्नतिको काम सुरु भएको छ । बाङ्गेचौर–उपल्लाचौर सडक सुधारका लागि रु छ करोड ७२ लाखमा २०८१ माघमा सम्झौता गरी स्तरोन्नति भएर कालोपत्रको चरणमा पुगेको छ । उक्त सडक कालोपत्र गर्न ग्राभेल गर्ने तयारी भइरहेको छ । बागलुङ नगरपालिका–३ रातमाटा–कोलको–घुम्ती–रिठाबोट–पाखाथर हुँदै कुँडुले जोड्ने सडकमा दुई करोड २५ लाखको लागतमा ५५ प्रतिशत सडक स्तरोन्नति, बागलुङको डोठेतालदेखि राम्तोला सम्मको सडक दुई चरणमा पाँच करोड ५० लाखमा स्तरोन्नति भइरहेको छ । रासस

# काठमाडौंमा २७ औँ 'फ्लोरा एक्स्पो' सुरु

**काठमाडौं ।** फ्लोरिकल्चर एसोसिएसन नेपालको आयोजनामा बिहिबार देखि २७औँ फ्लोरा एक्स्पो सुरु भएको छ । 'स्वच्छ वातावरण, रोजगारी तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय' भन्ने मूल नाराका साथ सुरु भएको एक्सपो यही चैत ८ गतेसम्म भृकटीमण्डप प्रदर्शनी हलमा सञ्चालन हुने जनाइएको छ ।

मेलाको उद्घाटन गर्दै बागमती प्रदेश, कृषि तथा पशुपक्षी विकासमन्त्री मधुसुदन पौडेलले पुष्प व्यवसायलाई परिस्कृत बनाउन थप कार्यक्रम र नीतिगत सुझाव पाएमा प्रदेश सरकार सहयोगका लागि सधैँ तत्पर रहने बताए ।

उनले भने, 'यो प्रतिस्पर्धी व्यवसाय हो । यसलाई प्रविधियुक्त बनाउन आवश्यक छ । पुराना बिरुवालाई संरक्षण र नयाँलाई प्रवद्र्धन गर्न आवश्यक देखिन्छ । ' कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले पुष्प व्यवसाय रोजगारी र समृद्धिको महत्वपूर्ण क्षेत्र भएको बताए ।



एसोसिएसनका अध्यक्ष राजेशभक्त श्रेष्ठले हाल ५२ जिल्लामा लगभग २७० हेक्टर क्षेत्रफलमा पुष्प व्यवसाय भइरहेको जानकारी दिए । उनले पुष्प व्यवसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष गरेर ५३ हजार ५०० भन्दा बढी जनशक्ति रोजगार रहेको बताए । उनले पुष्प तथा पुष्पजन्य वस्तु आदिमा नीतिगत समस्या हुँदा पुष्प व्यवसायीले सयममा आवश्यक बीउबिजन तथा बिरुवा आयात गर्न नसकेको गुनासो राखे ।

उनका अनुसार एक्स्पो अवधिमा करिब ६० हजार अवलोकनकर्ता आउने र एक करोड २० लाख रुपैयाँ बढीको व्यावसायिक कारोबार हुने अपेक्षा गरिएको छ ।

एक्सपोमा ६५ वटा स्टल छन् । एक्सपोमा मौसमी फूल, फूल फूल्ने तथा नफूल्ने आलंकारिक बोट बिरुवा, कट फ्लवार, ड्राइ फ्लावर, सुनाखरी, कम्पोष्ट मल, फूलको गानो, बिउबिजन, ग्रीनहाउस, कृषि औजार, उपकरण, प्याकेजिङका सामग्री, थोपा सिँचाइ प्रविधि, आधुनिक पुष्पखेती प्रविधि, जैविक विषादी, विभिन्न प्रकारका गमला, पुष्प सजावटका प्रदर्शनी तथा बिक्री कक्ष रहेका छन् । पुष्प व्यवसायको विकास, विस्तार तथा प्रर्वद्धनको लागि फ्लोरिकल्चर एसोसिएसन नेपालले २०५१ सालदेखि निरन्तर रुपमा हरेक वर्ष क्षेत्रीय तथा राष्ट्रियस्तरको पुष्प मेला गर्दै आएको छ । रासस

# तीन जिल्लाका बिरामीलाई सेवा दिँदै एक स्थानीय अस्पताल

**दाङ ।** दाङको राप्ती गाउँपालिकाद्वारा सञ्चालित राप्ती आधारभूत अस्पतालबाट तीन जिल्लाका बिरामी लाभान्वित भइरहेका छन् । लुम्बिनी प्रदेश राजधानीसमेत रहेको यस क्षेत्रमा सञ्चालित १५ शय्याको अस्पतालमा दाङको राप्ती, गढवा, बङ्गलाचुली गाउँपालिकासहित छिमेकी जिल्ला प्यूठान र अर्घाखाँचीका विभिन्न क्षेत्रबाट समेत बिरामी आउने गरेका छन् । अस्पताल विकास समितिका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष प्रकाश विष्टले स्थानीय नागरिकलाई लक्षित गरी सञ्चालनमा ल्याइएको अस्पतालमा अन्य क्षेत्र र जिल्लाबाट समेत बिरामी आउने गरेको बताए । बिरामीको चाप बढी भएकाले व्यवस्थापनमा केही दबाब भए पनि नागरिकको विश्वास जित्न थालेकाले आफूहरूलाई काम गर्ने हौसला मिलिरहेको उनको भनाइ छ ।

'यो अस्पताल स्थानीय नागरिकलाई लक्षित गरी सञ्चालनमा ल्याएका थियौँ, हाल दाङसहित प्यूठान, अर्घाखाँचीसम्मका नागरिकले पनि सेवा लिइरहेका छन् । यो हाम्रो सेवाप्रतिको भरोसा पनि हो', अध्यक्ष विष्टले भने । अस्पतालका प्रशासन प्रमुख पृथ्वी पौडेलले यहाँबाट दैनिक एक सयदेखि डेढ सय बिरामीले सेवा लिने गरेको बताए । कुनै कुनै समयमा दैनिक दुई सयसम्म बिरामी आउने गरेको पनि उनले जानकारी दिए । अस्पतालमा हाल चौबिसै घण्टा आपत्कालीन सेवा, बहिरङ्ग सेवा, भिडियो एक्स–रे, एक्स–रे, प्रयोगशाला, सुरक्षित गर्भपतन, आमा सुरक्षा कार्यक्रम र बिरामी भर्ना गर्ने इन्डोर सेवा सञ्चालनमा छ ।

यस्तै, प्रत्येक महिनाको अन्तिम शनिबार हाडजोर्नीको विशेषज्ञ सेवासमेत सञ्चालनमा रहेको प्रशासन प्रमुख पौडेलले बताए । हाल यहाँ कन्सल्टेन्ट डाक्टर एकजना, मेडिकल अफिसर चार, स्टाफनर्स, हेल्थअसिस्टेन्ट, अहेब, अनमी पाँच–पाँच जना तथा एनेस्थेसिया असिस्टेन्ट र असिस्टेन्ट फार्मेसी एक–एक जना रहेका छन् । यस्तै, ल्याब टेक्निसियन एक जना, ल्याब असिस्टेन्ट चार, रेडियोग्राफर दुई, अस्पताल प्रशासक र कम्प्युटर अप्रेटर एक–एक जना रहेका छन् । सेवा सहजताका लागि अक्सिजन सिलिण्डरसहितको सुविधा सम्पन्न एम्बुलेन्स पनि व्यवस्था गरिएको छ । हाल अस्पतालमा आएका सामान्य बिरामीलाई अन्यत्र पठाउनुपर्ने अवस्था नरहेको र चाँडै शल्यक्रिया सेवासमेत सुरु गर्ने तयारी भइरहेको प्रशासन प्रमुख पौडेलले बताए । सकेसम्म विशेषज्ञ सेवा लिन टाढा जान नपरोस् भन्ने उद्देश्यले अस्पतालको सेवा विस्तार गर्न लागिएको उनको भनाइ छ । रासस

# रेडक्रसद्वारा रक्तदान गर्न आह्वान

**चितवन ।** जिल्लामा रगतको चरम अभाव भएको छ । यससँगै नेपाल रेडक्रस सोसाइटी चितवन शाखाले रक्तदानका कार्यक्रम गरिदिन अपिल जारी गरेको छ । शाखाका सभापति हरिप्रसाद पौडेलद्वारा जारी अपिलमा जिल्लाका अस्पतालमा उपचारार्थ आएका बिरामीहरूको उपचारका लागि समेत रगतको अभाव भएकाले रक्तदान गर्नका लागि अपिल गरिएको छ । निर्वाचन पछि रक्तदानका कार्यक्रमहरू नहुँदा जिल्लामा रगतको अभाव भएको अपिलमा उल्लेख छ । अहिले जिल्लामा दैनिक १५० हाराहारी यूनिट रगतको माग हुने गर्दछ ।



रक्तदानका कार्यक्रमहरू न्यून मात्र भएपछि माग अनुसार रगत पूर्ति हुन नसकेको हो । शाखाले यहाँ सञ्चालन गरेको प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरमा र ठूला अस्पतालहरूमा रहेका इकाईहरूमा बिरामीका आफन्तहरू आएर रक्तदान गर्ने गरेका छन् । बाहिरबाट आएका बिरामीहरूको उपचार रगतका कारण रोकिन थालेको छ । केन्द्रका प्रमुख रमेशकान्त पौडेलका अनुसार अहिले केन्द्रमा रगत नहुँदा बिरामीका आफन्त र स्वयंसेवी रक्तदाताहरूको सहयोगमा रगतको मागपूर्तीको प्रयास गरिँदै आइएको छ । यहाँ रहेका ठूला दुई मेडिकल कलेज, भरतपुर अस्पताल, क्यान्सर अस्पताल सहितका शल्यक्रिया हुने अस्पतालमा रगतको अभाव हुँदा आकस्मिक रुपमा समेत रगत पु¥याउन कठिन भएको उनले बताए । क्यान्सरका बिरामीहरूलाई धेरै रगतको आवश्यक पर्दछ । यस्तै सुत्केरी र दुर्घटनाका घाइते सहितलाई गरिने शल्यक्रियाका क्रममा रगतको आवश्यक हुने गर्दछ । रक्तदानका कार्यक्रमहरू नगर्दा पनि रगतको अभाव भएको केन्द्रका प्रमुख पौडेलले बताए । रासस

# वीरगंजको मुख्य सडक स्थानान्तरण विवाद पुन: कानूनी बहसमा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मुख्य सडक (मेन रोड) बाट त्रिभुवन राजपथ स्थानान्तरण गर्ने अर्थात अन्यत्र सार्ने सम्बन्धी विवाद पुनः कानुनी बहसमा प्रवेश गरेको छ । यस विषयमा सर्वोच्च अदालतमा दायर नयाँ मुद्दाको चैत २ गतेका लागि तोकिएको पेसी स्थगित भएको छ । अब उक्त मुद्दाको सुनुवाइ आगामी जेठ २४ गतेका लागि तोकिएको छ । उक्त रिट २०८२ साल असार ३१ गते सर्वोच्मा दर्ता गरिएको थियो ।
यसअघि २०८२ माघ ४ गते संयुक्त इजलासका न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्द पाण्डेयले पूर्ण सुनुवाइका लागि पेश गर्ने आदेश दिएका थिए । यसअघि पनि वीरगञ्ज मुख्य सडकमा घर भएका धनीहरूद्वारा दायर गरिएको संयुक्त रिट निवेदन सर्वोच्च अदालतले खारेज गरिसकेको छ, जसको पूर्णपाठ समेत सार्वजनिक भइसकेको छ ।
वीरगंज बचाउ युवा संघर्ष समितिका अनुसार २०७२ सालमा मन्त्रिपरिषद्को निर्णयअनुसार त्रिभुवन राजपथको एलाइनमेन्ट परिवर्तन गरी परवानीपुर हुँदै ड्राइपोर्टसम्म सिफ्ट गरिएको हो । उक्त निर्णय कार्यान्वयनपछि राजपथ मेन रोडबाट हटेर परवानीपुर–ड्राइपोर्ट हुँदै बहुअरी–हुलाकी राजमार्गसँग जोडिएको छ ।

# हसिना खातुन मृत्यु प्रकरण: न्यायको माग गर्दै जनकपुरधाममा प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–२५ लोहना निवासी हसिना खातुनको शंकास्पद मृत्यु प्रकरणमा न्यायको माग गर्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय धनुषाको मुख्यद्वारमा प्रदर्शन गरेका छन् ।
मृतकका माइती पक्ष, आफन्त तथा अधिकारकर्मीहरूको सहभागितामा भएको प्रदर्शनमा उनीहरूले घटनामा संलग्न सबै दोषीलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न माग गरेका छन् । प्रदर्शनकारीहरूले 'हत्या गर्नेहरूलाई कारबाही गर', 'पीडितलाई न्याय दे' जस्ता नारा लगाएका थिए ।
गत फागुन १३ गते हसिना खातुन आफ्नै निवासमा मृत अवस्थामा फेला परेकी थिइन् । घटनापछि ससुराली पक्षले आत्महत्या गरेको दाबी गर्दै आएको छ भने माइती पक्षले दाइजोको विवाद र पारिवारिक तनावका कारण हत्या गरिएको आरोप लगाउँदै आएको छ । मृतककी भाउजु लिखत प्रविणले सार्वजनिक रूपमा आरोप लगाउँदै हसिनाको हत्या उनका श्रीमान शहनवाज शेष (मुन्ना), सासु र ननदको मिलेमतोमा भएको दाबी गरेकी छन् ।
उनले भनिन्, 'दाइजोको नाममा पटक–पटक दबाब दिइन्थ्यो, साथै श्रीमानको अन्य महिलासँग सम्बन्धका कारण अर्को विवाह गर्ने योजनामा मेरी ननदलाई मारियो ।' उनका अनुसार करिब दुई वर्षअघि ८ लाख रुपैयाँ खर्च गरेर हसिनाको विवाह गरिएको थियो । विवाहपछि समेत थप रकम माग्ने र मानसिक दबाब दिने क्रम जारी रहेको आरोप माइती पक्षले लगाएको छ ।
यता, प्रहरीले घटनालाई गम्भीरतापूर्वक लिँदै मृतकका श्रीमान शहनवाज शेषलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको जनाएको छ । तर, पीडित पक्षले घटनामा संलग्न भनिएका अन्य सदस्यहरू सासु र ननदलाई समेत तत्काल पक्राउ गर्न माग गर्दै आएको छ ।
जिल्ला प्रहरी कार्यालय धनुषाले घटनाबारे विस्तृत अनुसन्धान भइरहेको र प्रमाणका आधारमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइने जनाएको छ । प्रहरीले सबै पक्षको बयान संकलन, प्रमाण संकलन तथा पोस्टमार्टम रिपोर्टको अध्ययन गरी निष्कर्षमा पुग्ने तयारी गरिरहेको बताएको छ ।

# मधेश प्रदेशमा बलात्कार तथा जबरजस्ती करणी भयावह बन्दै



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा बलात्कार तथा जबरजस्ती करणी भयावह बन्दै गएको देखिएको छ । एक वर्षकै अवधिमा २ सय २० बलात्कारको घटना भएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले जारी गरेको नेपाल मानवअधिकार वर्ष पुस्तक २०२६ को तथ्याङ्क अनुसार वर्ष २०२५ अर्थात २०८१ पुस १७ देखि २०८२ पुस १६ सम्मको अवधिमा २ सय २० वटा बलात्कारका घटना भएका छन् ।
यसबाट सबभन्दा धेरै बालिका प्रभावित भएका छन् । घट्नामा १ सय १ जना १८ वर्षमुनि उमेर समूहका बालिका बलत्कारको शिकार भएकी छिन् । १८ वर्षमाथिका १ सय १९ जना महिला बलात्कृत भएकी छिन् । तथ्यांक अनुसार बलत्कारको सबभन्दा बढी घटना धनुषा जिल्लामा भएको देखिन्छ । यहाँ एक वर्षमै १२ बालिका र ५८ महिला बलात्कार शिकार भएका छन् ।
सबभन्दा कम घटना सप्तरी जिल्लामा भएको देखिन्छ । यहाँ बलात्कारका ८ वटा घटना भएका छन् । तर सप्तरीमा एक जना बालिका सामूहिक बलात्कारमा समेत परेको तथ्याङ्कमा उल्लेख छ । त्यस्तै सिरहामा ३ बालिका सामूहिक बलात्कारबाट पीडित भएका छन् । सिराहमा एक जनाको बलत्कारपछि हत्यासमेत भएको विवरण देखिन्छ ।
अन्य १२ वटा घट्नामा बालिका र १६ वटा घटनामा महिला पीडित बनेका छन् ।
महोत्तरीमा १५ बालिका र १६ महिला, सर्लाहीमा २४ बालिका र ७ महिला, रौतहटमा ३ बालिका र ६ महिला, बारामा ९ बालिका र ७ महिला तथा पर्सामा १५ बालिका र ९ महिला बलात्कारका घटनामा पिडित भएका छन् ।

# मनोज चौधरी पक्राउ प्रकरण प्रहरीको अनुसन्धान अन्तिम चरणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कम्युनिस्ट पार्टीको तर्फबाट पर्सा निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार मनोज चौधरी पक्राउ प्रकरणको अनुसन्धान अन्तिम चरणमा पुगेको, पर्सा प्रहरी प्रवक्ता डिएसपी हरिबहादुर बस्नेतले बताएका छन् ।
नेता चौधरीको गाडीमा संकास्पद वस्तु फेला परेपछि उनलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिसकेको र अनुसन्धानको अन्तिम चरणमा रहेकाले आजभोलिमै अनुसन्धानको विवरण अदालतमा पेश गर्ने तयारीमा रहेको प्रवक्ता बस्नेतले जानकारी दिए ।
हालै नेपाली कम्युनिस्ट पार्टी जिल्ला समिति पर्साको आयोजनामा सर्वदलीय बैठकबाट नेता मनोज चौधरी सहित पक्राउ परेका अन्य चार जनाको अनुसन्धानमा पर्सा प्रहरीले चासो नदेखाएको आरोप लगाउदै, अनुसन्धान प्रक्रियालाई छिटै सकाउन दबाव दिइएको थियो । वितेको फागुन १९ गते सा"झ मौन अवधिको समयमा क्षेत्रबाट वीरगंज फर्किने क्रममा, नेता चौधरी सवार बा १० च १२५० नम्बरको गाडीमा, सुरक्षा जाँचको क्रममा डिकीबाट संकास्पद वस्तु फेला परेको भन्दै, चौधरीसहित चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो । उनीसहित नेकपा नेता सत्यनारायण थारु, सुरज कार्की र चालक साहब आलम अन्सारीसमेत प्रहरी हिरासतमा रहेका छन् ।

# जनमतको संसदीय दल बैठकमा विकास र सुशासनमा जोड



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीको मधेश प्रदेश संसदीय दलको बैठक जनकपुरधाममा सम्पन्न भएको छ । पार्टीका शीर्ष नेताहरूको उपस्थितिमा सम्पन्न बैठकमा प्रदेशको समसामयिक राजनीतिक अवस्था, विकासका चुनौती तथा आगामी रणनीतिबारे व्यापक छलफल गरिएको जनाइएको छ । बैठकमा विशेषगरी मधेश प्रदेशको विकास निर्माण कार्यको अवस्था, बजेट कार्यान्वयनको प्रभावकारिता, सेवा प्रवाहमा देखिएका समस्या तथा जनताको अपेक्षाअनुसार काम हुन नसकेको विषयमा सांसदहरूले धारणा राखेका थिए ।
संसदीय दलको बैठकमा प्रदेश सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा समेत गरिएको थियो । केही सांसदहरूले योजना छनोट र बजेट विनियोजनमा पारदर्शिता अभाव रहेको गुनासो गर्दै प्रभावकारी अनुगमन प्रणालीको आवश्यकता औंल्याएका थिए । बैठकमा पार्टीको आगामी रणनीति, प्रदेशसभामा खेल्ने भूमिका तथा जनतासँगको सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा समेत निर्णय गरिएको स्रोतले जनाएको छ । साथै, संगठन सुदृढीकरण र कार्यकर्ता परिचालनलाई प्रभावकारी बनाउने दिशामा पनि छलफल केन्द्रित भएको थियो ।
पार्टी नेतृत्वले प्रदेशसभामा जनताको मुद्दा सशक्त रूपमा उठाउने प्रतिबद्धता व्यक्त गर्दै सुशासन, पारदर्शिता र विकासलाई प्राथमिकतामा राखेर अघि बढ्ने स्पष्ट पारेको छ ।






# भन्सार जाँचपास भएको ट्रकबाट 'अन्डर विलिङ' सामाग्री बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयबाट जाँचपास भएर निस्किएको ट्रकबाट अन्डर बिलिङ गरिएको सामग्री बरामद भएको छ । ट्रकमा रहेका सामानको मूल्याङ्कनमा करिब ७५ प्रतिशतसम्म 'अन्डर बिलिङ' गरिएको खुलासा भएको हो ।
वितेको फागुन २५ गते 'सुनौलो साझा ढुवानी' मार्फत ना.७ ख. २४१६ नम्बरको ट्रकले मोटर पाट्र्स, हार्डवेयर सामग्री, कपडा, चस्मा तथा चकलेट बोकी आवश्यक प्रक्रिया पूरा गरी भन्सार पास गरेको थियो ।
तर उक्त ट्रक 'सेटिङ' मार्फत विल विजक तथा भन्सार प्रज्ञापनपत्र भन्दा बढि सामान रहेको आशंकामा ललितपुर प्रहरीले नियन्त्रणमा लिएको थियो ।
वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको सो ट्रकलाई जिल्ला प्रहरी कार्यालय ललितपुरले शङ्काको आधारमा नियन्त्रणमा लिएपछि थप अनुसन्धानका लागि राजस्व अनुसन्धान विभागमा पठाएको थियो । विभागीय अनुसन्धान हालै सम्पन्न भएको र सो ट्रकमा रहेका सामानको मूल्याङ्कनमा करिब ७५ प्रतिशतसम्म 'अन्डर बिलिङ' गरिएको खुलासा भएको छ ।
सोही आधारमा राजस्व विभागले १९ लाख ३५ हजार रुपैयाँ जरिवाना तोकेको बताइएको छ । घटनाले वीरगंज भंसार प्रशासन एवं त्यहाँका कर्मचारीहरू माथि गम्भिर प्रश्न उठाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन